# वैदेशिक रोजगारीले ग्रामीण जीवनमा पारेको प्रभाव

(किचनास गा.वि.स. को समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

समाजशास्त्र विभाग स्नातकोत्तर तह दसौं पत्र

प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

प्रस्तुतकर्ता

पिताम्वर शर्मा

रोल नं. : १२७/०६६

त्रि.वि. रजिष्ट्रेशन नं. : २५८२०-८७

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७३

वैदेशिक रोजगारीले ग्रामीण जीवनमा पारेको प्रभाव
पिताम्वर शर्मा
२०७३

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा ग्रामीण विकास विभागको स्नातकोत्तर तह दोस्रो वर्ष, दसौं पत्रको प्रयोजनका लागि क्रमाङ्क १२७/०६६ का छात्र **श्री पीताम्बर शर्मा**द्वारा **वैदेशिक रोजगारीले ग्रामीण जीवनमा पारेको प्रभाव (किचनास गा.वि.स. को समाजशास्त्रीय अध्ययन**) शीर्षक सम्वन्धी एक समाजशास्त्रीय अध्ययन शीर्षकको यो शोधत्रपत्र मेरो निर्देशनमा तयार गरिएको हो । यसलाई विभागीय मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७३/१२/२४

......................

शान्ति भुसाल

शोध निर्देशक

सह-प्राध्यापक

पृथ्वीनारायण क्याम्पस

पोखरा

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअन्तर्गत समाजशास्त्र तथा ग्रामीण विकास विभागको स्नातकोत्तर तह दोस्रो वर्ष, दसौं पत्रको प्रयोजनका लागि क्रमाङ्क १२७/०६६ का छात्र **श्री पीताम्बर शर्मा**द्वारा **वैदेशिक रोजगारीले ग्रामीण जीवनमा पारेको प्रभाव (किचनास गा.वि.स. को समाजशास्त्रीय अध्ययन**) शीर्षक सम्बन्धी एक समाजशस्त्रीय अध्ययन शीर्षकको कार्यपत्र यसै विभागका सदस्य शान्ति भूसालको निर्देशनमा तयार पारी पेश भएको हुँदा विभागीय मूल्याङ्कन समितिद्वारा स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.....................................

शान्ति भुसाल

शोध निर्देशक

............................................

नेत्रनारायण पौडेल

बाह्य परीक्षक

.........................................

प्रा.डा. विश्वकल्याण पराजुली

विभागीय प्रमुख

मितिः २०७३/१२/३१

# कृतज्ञताज्ञापन

प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यले गरिएको हो । कुनैपनि विषयको अध्ययन गर्नु आफैमा सजिलो कार्य होइन । त्यसको बावजुतपनि अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि अवसर प्रदान गर्नका साथै अध्यनको शिलशिलामा सल्लाह, सुझाव तथा परामर्श दिई सहयोग प्रदान गर्नु हुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा शोध निर्देशक सह-प्राध्यापक शान्ति भूसाल ज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । उहाँकै प्रत्यक्ष सहयोग र निर्देशनमा आज यो शोधपत्र तयार भएको छ । यो शोध कार्य पुरा गर्ने क्रममा विभिन्न किसिमका सल्लाह, सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. विश्वकल्याण पराजुलीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी अध्ययनका क्रममा विभिन्न किसिमका पुस्तक र अध्ययन सामग्री उपलब्ध गराएर सहयोग गरि दिने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा ग्रामीण विकास विभाग, पृथ्वीनारायण क्याम्पस पुस्तकालय, त्रिभूवन आदर्श क्याम्पस स्याङ्जा पुस्तकालय तथा कर्मचारी पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अध्ययनका शिलशिलामा प्रश्नावलीको उत्तर दिने क्रममा व्यस्तताका बावजुत पनि आफ्नो अमूल्य समय उपलब्ध गराई सहयोग गर्नुहुने किचनास-९, सालडाँडाका वैदेशिक रोजगारीमा संलग्न परिवारका घरमुली र गा.वि.स. सचिवलाई विशेष आभार व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस क्षेत्रका व्यक्तिहरु जसले यस अध्ययनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नु भयो । उहाँहरु सम्पूर्ण प्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । विशेष गरी मेरा आदरणीय मित्र ख्याम नारायण मानन्धरप्रति हृदय देखि कृतज्ञता ज्ञापन गर्दछु । यो शोध पत्र मेरो एक्लो प्रयासबाट मात्र सम्भव नभएकाले विभिन्न व्यक्ति र संस्थाहरुबाट सहयोग र प्रेरणा लिएको छु ।

त्यसै गरी मलाई आज यो स्थानसम्म पुऱ्याउनको लागि उत्साह, हौसला साथै उर्जा प्रदान गरी शोधकार्यका लागि प्रेरित गरिरहने मेरी अर्धाङ्गिनी सुलोचना शर्मा भण्डारी प्रति विशेष आभारी छु भने विशेष सहयोग पुऱ्याउने शिक्षक मित्र चण्डी प्रसाद सुवेदी, दिपक भण्डारी र तोयनाथ पौडेल पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा समितिका वाह्य परिक्षक लगायत सल्लाह सुझाव प्रदान गर्ने व्यक्तित्व प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मितिः २०७३/१२/२४

पीताम्वर शर्मा

# शोधसार

यस शोधकार्यमा वैदेशिक रोजगारीले ग्रामीण जीवनमा पारेको प्रभावको बारेमा अध्ययन गरिएको छ । यो अध्ययन खासगरी स्याङ्जा जिल्ला किचनास गा.वि.स. वडा नं. ९ सालडाँडाका वैदेशिक रोजगारीमा संलग्न संख्या, संलग्न परिवारको आर्थिक तथा सामाजिक अवस्था, यसले पारेको सकरात्मक तथा नकरात्मक प्रभाव र सामाजिक रुपान्तरणमा कस्तो प्रभाव परेको छ भन्ने विषयमा केन्द्रित रहेको छ ।

वैदेशिक रोजगारीमा संलग्न परिवारको सामाजिक आर्थिक अवस्थाको विश्लेषण गर्ने, वैदेशिक रोजगारीमा संलग्न संख्या पत्ता लगाउने र यसले ग्रामीण समुदायको जीवन स्तरमा ल्याएको परिवर्तनको अन्वेषण गर्ने उद्देश्यहरु रहेका छन् ।

यस शोध कार्यमा वैदेशिक रोजगारीका कारण बेरोजगारी समस्या हल भई आधारभूत आवश्यकता परिपूर्ति भएका छन् भने स्याङ्जा जिल्ला किचनास ९ सालडाँडाका वैदेशिक रोजगारीमा संलग्न विभिन्न जातीय समुदायका ६८ घरधुरीका धरमुलीहरु उत्तरदाताको रुपमा लिइएको छ भने उक्त घरधुरीबाट ११ जना महिला र ९६ जना पुरुष गरी जम्मा १०७ जना बैदेशिक रोजगारमा गइएको पाइयो ।

अध्ययन क्षेत्रका ६८ जना घरमुलीहरु मध्ये ४ जना (५.८८%) निरक्षर र बाँकी ६४ जना (९४.१२%) साक्षर रहेका छन् भने जसमा मगर, वाह्मण, नेवार, भुजेल, दमाई जातजातीको संलग्नता छ । ती मध्ये अधिकांश हिन्दुधर्ममा आस्थावान छन् ।

उनीहरु मध्ये ४७.०५% कृषि पेशामा लागेका छन् भने नोकरीमा २३.५३%, व्यापारमा ११.७७% ज्याला मजदुरीमा १७.६४% रहेका छन् । जसमा वर्ष भरी खान पुग्ने २८.५८% र खाना नपुग्ने ७१.४२% छन् ।

यस अध्ययनबाट अध्ययन क्षेत्रका उत्तरदाताहरुमध्ये धेरैको वैदेशिक रोजगारीवाट जीवननिर्वाह को साथै केहि आर्थिक उन्नति भएको पाइयो । हिजोको अवस्थामा गरीविका कारण गास, वास, कपास शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यक्ताका कुरावाट वञ्चित व्यक्तिहरु अहिलेको अवस्थामा आर्थिक सुधार भई यी नै आधारभूत आवश्यक्ताहरु परिपुर्ति भएको पाइयो । एकातिर गाउघर वाट वसाइ सरी शहर वजार तर्फ लागेको पाइन्छ भने आम्दानी भएका घरपरिवारका सदस्यहरुले आफ्ना वालवच्चालाई संस्थागत विद्यालयमा पढाएको पाइयो बैदेशिक रोजगारीका सकारात्मक पक्षमा आर्थिक उन्नती हुने, गरिबि घट्ने, आधारभुत आवश्यकता पुर्ती हुने तथा बेरोजगारी समस्या हल हुने तर

नकारात्मक पक्षमा वसाई सराई बढ्ने, युवा शक्ति पलायन हुने, देश विकासमा वाधा पुग्नेर फजुल खर्चमा बृद्धि हुने कुराहरु पाइयो । कतिपय वैदेशिक रोजगार कर्मीले आफू वैदेशिक रोजगारीवाट विदा लिएपछि व्यवसायिक रुपमा कुखुरा पालन, वाख्रापालन, तरकारीखेती गरेको र घर जग्गा जस्तो अन्न उत्पादन क्षेत्रमा समेत लगानी गरेको पाइयो । यसैका कारण परम्परादेखि चलीआएको संस्कार र संस्कृतिमा पनि केहि हदसम्म परिवर्तन भएको पाइयो ।

प्रायः सवै घर परिवारमा शौचालय निर्माण गरी खुला दिशा मुक्त समाज निर्माण गरी उदाहरणिय कार्य गरेको पनि पाइयो । लैङ्गिक विभेदका धारणाहरु विस्तारी कम हुदै गएको अवस्था पाइयो भने जातिय विभेदका स्वरहरु केहि हदसम्म कम भएको देखियो । समाज रुपान्तरणमा धेरै जसो व्यक्तिहरु संलग्न भएको गाउँगाउ टोलटोलमा मोटरवाटो निर्माण भएको, आर्थिक रुपमा सम्पन्न व्यक्तिहरुको सामाजिक हैसियत अलि उच्च रहेको यसै अध्ययनको शिलशिलामा भेटियो । सञ्चारका साधनहरु टेलिभिजन, मोवाइल फोन, रेडियो, पत्रपत्रिका आदिको अधिक प्रयोग भएको पाइयो । वास्तवमा वैदेशिक रोजगारीले नेपालको चरम वेरोजगारी र गरिवी घटाएको छ भने अर्कोतर्फ वसाइसराइको कारण गाउघरका जग्गा जमिन खेतिपाती विहिन वन्न पुगेका छन् । त्यसैगरी परनिर्भरता वढेको, खर्चमा वृद्धि भएको, विदेशी संस्कृति भित्रीएको, नेपाली संस्कृति लोप हुदै गएको, घरमा वृद्ध आमा वावु वेसहारा वन्दै गएको पाइयो भने केहिको श्रीमान र श्रीमति विच सम्बन्ध विग्रेको, सम्पति हिनामिना भएको, सम्बन्ध विच्छेद र अन्तरजातिय विवाह जस्ता घटनाक्रमहरु वृद्धि हुदै आएको पाइयो ।

धन्यवाद !

## विषय सूची


| | |
|---|---|
| सिफारिस पत्र | II |
| स्वीकृती पत्र | III |
| कृतज्ञताज्ञापन | IV |
| शोधसार | V |
| विषय सूची | VII |
| तालिका सूची | X |
| चित्र सूची | XII |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अनुसन्धानको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ५ |
| १.५ अध्ययनको सीमा | ६ |
| **अध्याय दुई : साहित्यिक पुनरावलोकन** | **८-१६** |
| २.१ अवधारणात्मक पुनरावलोकन | ८ |
| २.२ सैद्धान्तिक पुनरावलोकन | १० |
| २.३ पूर्व अध्ययनको समिक्षा | १० |
| २.३.१ आर्थिक सिद्धान्त | ११ |
| २.३.२ सामाजिक परिवर्तनको सिद्धान्त | १२ |
| २.३.३ बसाइ सराइको सिद्धान्त | १४ |
| **अध्याय तीन : अनुसन्धान पद्धति** | **१७-१९** |
| ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य | १७ |
| ३.२ अनुसन्धान ढाँचा | १७ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू | १७ |

३.४ समग्र र नमुना १८
३.५ प्राथमिक तथ्याङ्कका विधिहरू १८
३.५.१ अन्तरवार्ता अनुसूची १८
३.५.२ बैयक्तिक अध्ययन १८
३.५.३ मुख्य सुचना दातासँगको अन्तरवार्ता १९
३.६ तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण १९

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय तथा उत्तरदाताको पृष्ठभूमि २०-३८**
४.१ अध्ययन क्षेत्रको परिचय २०
४.२ आर्थिक तथा सामाजिक विश्लेषण २१
४.३ पारिवारिक विवरण २२
४.४ उमेर समूह २३
४.५ शैक्षिक अवस्था २४
४.६ जातिगत अवस्था २५
४.७ धार्मिक अवस्था २६
४.८ पारिवारिक स्वरूप २७
४.९ संयुक्त परिवारका सदस्यले गर्ने आर्थिक व्यवहार २७
४.१० घरमुलीको अवस्था २८
४.११ पेसागत स्थिति २९
४.१२ जग्गा जमिनको स्थिति ३०
४.१३ जग्गा जमिनको परिमाण ३१
४.१४ आफ्नो जग्गबाट खान पुग्ने समय ३१
४.१५ घर परिवारसँगको सम्बन्ध ३२
४.१६ समाज र परिवार प्रतिको हैसियत ३३
४.१७ वैदेशिक रोजगारी सम्बन्धी धारणा ३४
४.१८ आम्दानीको अवस्था ३५
४.१९ आर्थिक विकासको अवस्था ३५
४.२० वैदेशिक रोजगारीमा जाने सङ्ख्या ३६

४.२१ लिङ्गगत विवरण ३७
४.२२ वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरूको सङ्ख्यात्मक विश्लेषण ३७

**अध्याय पाँच : जीवनस्तरमा पारेको परिवर्तनको विश्लेषण ३९-५४**
५.१ समाज रूपान्तरणमा संलग्नता ४०
५.२ वैदेशिक रोजगारीमा जानुका कारणहरू ४१
५.३ वैदेशिक रोजगारीका आकर्षणका कारणहरू ४२
५.४ वैदेशिक रोजगारीले पारेको सामाजिक प्रभाव ४३
५.५ लैङ्गिक अवधारणा ४४
५.६ लैङ्गिक विभेदसम्बन्धी धारणा ४६
५.७ सामाजिक परिवर्तनको अवस्था ४६
५.८ समाजमा आएको परिवर्तन ४७
५.९ जीवन पद्धतिमा परिवर्तन ४९
५.१० विद्यालय शिक्षाको अवस्था ५०
५.११ वैदेशिक रोजगारीका सकारात्मक पक्षहरू ५१
५.१२ वैदेशिक रोजगारीका नकरात्मक पक्षहरू ५२
५.१३ वैदेशिक रोजगारीलाई हेर्ने दृष्टिकोण ५२

**अध्याय छ : सारांश, निष्कर्ष तथा सुझावहरू ५५-६३**
६.१ सारांश ५५
६.२ निष्कर्ष ५९
६.३ सुझावहरू ६३
सन्दर्भ सूची

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | परिवार सङ्ख्याको आधारमा उत्तरदाताहरूको विवरण | २२ |
| ४.२ | उत्तरदाताको उमेर सम्बन्धी विवरण | २३ |
| ४.३ | शैक्षिक अवस्थाको आधारमा उत्तरदाताहरू | २४ |
| ४.४ | जातिगत आधारमा उत्तरदाताहरू | २६ |
| ४.५ | धर्मका आधारमा उत्तरदाताहरू | २६ |
| ४.६ | पारिवारिक स्वरूपको आधारमा उत्तरदाताहरू | २७ |
| ४.७ | संयुक्त परिवारको आर्थिक व्यवहारका बारेमा उत्तरदाताहरू | २८ |
| ४.८ | उत्तरदाताहरूको घरको मुख्य व्यक्तिहरूको विवरण | २८ |
| ४.९ | पेसाका आधारमा उत्तरदाता | २९ |
| ४.१० | उत्तदाताहरूको जग्गा जमिनको स्थिति विवरण | ३० |
| ४.११ | जग्गा जमिनको परिमाणको उत्तदाताहरू | ३१ |
| ४.१२ | खान पुग्ने विवरणका आधारमा उत्तदाताहरू | ३२ |
| ४.१३ | वैदेशिक रोजगारीका कारण घरपरिवारसँगको सम्बन्ध | ३२ |
| ४.१४ | समाज परिवारप्रतिको हैसियतमा उत्तरदाता | ३३ |
| ४.१५ | वैदेशिक रोजगारी सम्बन्धी धारणा | ३४ |
| ४.१६ | मासिक आम्दानीका आधारमा उत्तरदाताको धारणा | ३५ |
| ४.१७ | आर्थिक विकासको आधारमा उत्तरदाताहरू | ३६ |
| ४.१८ | वैदेशिक रोजगारीमा जाने सङ्ख्याको आधारमा उत्तरदाताहरू | ३६ |
| ४.१९ | वैदेशिक रोजगारीमा जाने लिङ्गत आधारमा उत्तरदाताहरू | ३७ |
| ५.१ | समाज रूपान्तरणको लागि सामाजिक क्रियाकलापमा संलग्नताका आधारमा | ४० |
| ५.२ | वैदेशिक रोजगारीका बाध्यात्मक कारणहरूका आधारमा उत्तरदाताहरू | ४१ |
| ५.३ | वैदेशिक रोजगारीका आकर्षणका कारणहरूमा उत्तरदाताहरू | ४२ |
| ५.४ | वैदेशिक रोजगारीका कारण जातीय विभेदका आधारमा उत्तरदाताहरू | ४४ |
| ५.५ | लैङ्गिक धारणाको आधारमा उत्तरदाताहरू | ४४ |
| ५.६ | लैङ्गिक विभेदसम्बन्धी धाराणाको आधारमा उत्तरदाताहरू | ४६ |
| ५.७ | शौचालय र नुहाउने कक्षको आधारमा उत्तरदाताहरू | ४७ |

५.८ समाजमा आएको परिवर्तनको आधारमा उत्तरदाताहरू ४८
५.९ जीवन पद्धतिमा परिवर्तन आएको प्रति उत्तरदाताहरूको धारणा ५०
५.१० वालवालिकाहरूलाई शिक्षा दिने संस्थाका आधारमा उत्तरदाताहरू ५०
५.११ सकरात्मक पक्षका आधारमा उत्तरदाताहरू ५१
५.१२ नकरात्मक पक्षका आधारमा उत्तरदाताहरू ५२
५.१३ वैदेशिक रोजगारीलाई हेरिने दृष्टिकोणमा उत्तदाताहरू ५३

# चित्र सूची


| | |
|---|---|
| चित्र ४.१ | २३ |
| चित्र ४.२ | २५ |
| चित्र ४.३ | ३० |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक वहुजातिय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक देश हो । जहाँ विभिन्न जात जातिहरूको वसोबास रहेको छ । नेपाल विश्वका दुई ठूला शक्तिशाली राष्ट्रहरू भारत र चीनको बिचमा अवस्थित भू-परिवेष्ठित देश पनि हो । परिवर्तनका नाममा थुप्रै राजनितिक उथलपुथल भए पनि विश्वको गरिबीको सुचाङ्कमा सूचीकृत नेपाल एशियाका २९ देशहरू मध्ये मानव विकास सुचाङ्कको क्रम अनुशार अन्तिम दोस्रोमा पर्दछ । यद्धपि नेपाल गरिब मात्र नभएर असफल राष्ट्र पनि हो । कुल जनसङ्ख्याको ७४% परम्परागत कृषिमा आश्रित छन् भने ३४% निरक्षर रहेका छन् । यसै गरी २३.६% मानिसहरू गरिबीको रेखामुनी रहेको तथ्याङ्कले देखाउँछ । वि.सं. २०७०/०७१ को आर्थिक सर्वेक्षण अनुसार नेपालको प्रतिव्यक्ति आय ७४४ यु.एस. डलर मात्र छ । २०६८ सालको जनगणना अनुसार नेपालको जनसंखया २,६४,९४,५०४ रहेको छ भने पुरुषको जनसंखया १,२८,४९,०४१ र महिलाको जनसंखया १,३६,४५,४६३ रहेको छ । नेपालको कुल ग्राहस्थ्य उत्पादन ३१,६३४ विलियम डरल रहेको छ । राज्यको कुल ग्राहस्थ उत्पादनमा करिब २७% वैदेशिक रोजगार रेमिटेन्सको योगदान छ (के.त.वि. २०६८) ।

राज्यमा भएको द्वन्द्व तथा अस्थिर राजनीतिक परिवेश, स्थापित शैक्षिक संस्थाहरूको अव्यवहारिक शैक्षिक प्रणालीका कारण उत्पादित शैक्षिक बेरोजगाहरू राज्यका लागि थेगी नसक्नुको अवस्था छ । यिनै असुरक्षा रोजगारी ग्यारेन्टिको अभावका कारण सुरक्षित र वैकल्पिक भविष्यका लागि साथै सहज रूपमा जान सकिने भएकाले पनि अत्यधिक मात्रामा नेपालीहरू वैदेशिक रोजगारीका नाममा विदेश पलायन भएका छन् । एकातिर नेपालमा १० वर्षे जनयुद्धका कारण देशमा सञ्चालित उद्योग धन्दाहरू वन्द प्राय भए भने अर्को तिर अस्थिर राजनीति र भ्रष्टाचारले गर्दा पनि नेपालमा रोजगारीका अवसरहरू उपलव्ध हुन नसक्नाका कारणहरू हुन् । सर्वप्रथम सन् १८१५-१८१६ मा वेलायत सरकारले ब्रिटिस गोर्खा रेजिमेन्टमा ४६५० जना नेपाली युवालाई भर्ति गराएका थिए । आजका दिनमा पनि भारतमा गोर्खा पल्टन र बेलायतमा गोर्खा रेजिमेन्टमा सैनिक सेवामा नेपालीहरू कार्यरत

छन् । समुन्द्रपारका देशहरूमा नेपाली कामदारहरू सन् १९८० पश्चात रोजगारीका लागि र विभिन्न आय आर्जन गर्न गएको पाइन्छ । वैदेशिक रोजगारका लागि भारत वाहेकका मुलुकमा ३५ लाख नेपाली रहेको विभागको तथ्याङ्कमा छ भने भारतमा मात्र २० लाख नेपालीहरू काम गरिरहेको अनुमान छ। हाल नेपालबाट वैदेशिक रोजगारमा जाने कामदारहरू सबैभन्दा बढी मलेसिया, साउदी अरब र कतार गएका छन् । यी बाहेक अन्य मुलुकहरू पनि नेपलाको लागि आकर्षक रहिआएका छन् ।

जुन रेमिटेन्सबाट नेपाली समाजमा दैनिक गुजारामा ७८.९ प्रतिसत, ऋण तिर्न ७.८ प्रतिसत, घरायसी सामान खरिदमा ४.५ प्रतिसत, शिक्षामा ३.५ प्रतिसत, पुंजि निर्माणमा २.५ प्रतिसत, वचतमा ०.६ प्रतिसत र व्यवसायमा ०.५ प्रतिसत वितरण भएको पाइन्छ ( वैदेशिक रोजगार प्रवर्धन वोर्ड, २०७२) ।

यसैको शिलशिलामा स्याङ्जा जिल्ला अन्तरगतबाट पूर्वी बेल्टमा स्याङ्जा जिल्ला सदरमुकामबाट करिब २५ कि.मी.को दुरीमा अवस्थित किचनास गा.वि.स. पर्दछ। जुन गा.वि.स.मा बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ, कामी, दमै, सुनार आदि जातजातिको बसोबस रहेको छ। उक्त गा.वि.स. पनि वैदेशिक रोजगारबाट निकै प्रभावित भएको पाइन्छ। यस गा.वि.स.बाट संसारका धेरै मुलुकहरू जस्तै साउदी अरब, कतार, ओमन, मलेसिया, कुवेत, बहराइन, न्यूजिल्याण्ड, अफगानिस्तान, भारत, दुवई, अष्ट्रेलिया, दक्षिण कोरिया, जापान स राज्य अमेरिका, बेलायत आदि देशहरू अग्रपङ्तिमा रहेका छन्। उक्त स्थानबाट महिला र पुरुष दुवै वैदेशिक रोजगारीमा गएको पाइन्छ। गत साल २०७२ को गा.वि.स.ले लिएको तथ्याङ् अनुसार निम्न अनुसारको सङ्ख्यामा वैदेशिक रोजगारमा गएको तथ्याङ्क छ।

जस अन्तरगत वार्ड नं. १ मा पुरुष ६७ र महिला ० गरी जम्मा ६७ जना, वार्ड नं २ मा पुरुष ६२ र महिला ७ गरी ६९ जना, वार्ड नं. ३ मा पुरुष ४२ र महिला ५ गरी जम्मा ४७ जना, वार्ड नं. ४ मा पुरुष ५७ र महिला ९ गरी जम्मा ६६ जना, वार्ड नं. ५ मा पुरुष ५६ जना महिला ५ गरी ६१ जना, वार्ड नं. ६ मा पुरुषा ६९ जना र महिला १० गरी ७९ जना, वार्ड नं. ७ मा पुरुष ५५ र महिला ६ गरी ६१ जना, वार्ड नं. ८ मा पुरुष ६९ जना र महिला १४ गरी ८३ जना र वार्ड नं. ९ मा पुरुष १२१ जना र महिला १४ जना गरी जम्म १३५ जना वैदेशिक रोजगारीमा गएको तथ्याङ्क छ।

यसरी स्पष्ट हुन्छ की यस गा.वि.स.बाट वैदेशिक रोजगारमि पलायन हुने युवा शक्ति जम्मा ६५८ भएको पाइन्छ। उक्त वैदेशिक रोजगारीबाट करिब रु. ५,२२,००,०००।-

आम्दानी वार्षिक रूपमा गा.वि.स.मा भित्रिने गर्दछ। उक्त रकम पनि धेरैजसो दैनिक आवश्यकताका वस्तुहरूमा खर्च भएको पाइएको छ (किचनास गा.वि.स.को कार्यालय, २०७२)।

नेपालीहरू माइग्रेसन हुने सङ्ख्यात्मक रूपमा बढ्दो अवस्थाले राज्यले पनि यस अवस्थामा सोच्नु पर्ने आवश्यकता ठानेर चरणवद्ध रूपमा रोजगारीका सम्भाव्य देशहरूमा वैधानिक तवरबाट वैदेशिक रोजगारीमा पठाइने अनुमति हालसम्म ११० वटा देशहरूलाई स्वीकृत गरिएता पनि जम्मा ३० वटा देशहरूमा रोजगारीमा जान सकेका छन्। यसरी राज्यले स्वीकृत प्रदान गरी रोजगारीमा गएका नेपालीहरूले फरक फरक देशहरूमा विभिन्न किसिमका कामहरू गरिरहेका छन्। वार्षिक लाखौँको रोजगारी प्रदान गर्ने र अरबौं विप्रेषण रकम भित्र्याउने वैदेशिक रोजगार नेपालको चरम बेरोजगारी र गरिबी घटाउने माध्यम मात्र नभएर सम्पूर्ण राज्यकै आर्थिक मैरदण्डकै आधार पनि हो भन्न सकिन्छ (वैदेशिक रोजगार प्रवर्धन वोर्ड इ.सं. २०१४/२०१५)।

## १.२ समस्याको कथन

वैदेशिक रोजगारबाट सर्वप्रथम व्यक्ति, परिवार, समाज र राष्ट्रकै प्रगति र विकास हुन्छ भन्ने मान्यताले समाजमा चर्चा पाउने गर्दछ। हुन त पैसा वा धन सम्पत्ति नै सवथोक हो भन्ने मानिसहरूको कमि पनि हुँदैन। समाज समय र परिस्थिति अनुसार परवर्तन भइरहन्छ। हुन त वैदेशिक रोजगारीको कारण कैयौं नेपालीहरूले आफ्ना बालबच्चा देखि घर परिवारको शिक्षा स्वास्थ्य गास, बास, कपासको आधारभूत आवश्यकताहरू पुरा गर्दछ भने अर्को तर्फ केहि रकम जोरजाम गर्न सके भविष्यमा आपत विपतमा काम लाग्ने कुरा पनि भयो। त्यसको साथै दाजुभाई, इष्टमित्र, छरछिमेकलाई केहि रकम कर्जा स्वरूप प्रदान गरी सहयोग पुर्‍याउन पनि सकिने भयो भने अर्को तर्फ वैदेशिक रोजगारीबाट प्राप्त रकमबाट विभिन्न उद्योग धन्दा, बन्द व्यापार खोलेर वा गरेर पनि केहि बेरोजगारी समस्या समाधान गर्न सकिने कुरामा पनि दुइमत छैन। तै पनि वास्तविकता के छ भने भोलिका दिनमा नेपालका सक्रिय जनसङ्ख्या विदेश पलायन हुँदा त्यसले देशमा पार्ने दिर्घकालिन असरको बारेमा समयमा नै बुझ्नु अति आवश्यक छ। सक्रिय जनसङ्ख्या तथा दक्ष जनशक्तिको अभावमा देश कसरी अगाडी बढ्न सक्ला ? देशको स्रोत र साधन परिचालन गरी देश विकासमा सक्रिय हुने युवा शक्ति दिनप्रति दिन विदेशी भूमि आफ्नो पसिना

पोखिरहेको यो अवस्थामा देशको प्रगति र उन्नतिमा पक्कै पनि तगारो लाग्ने सम्भावना बढी छ भने अर्को तर्फ सङ्ख्यात्मक रूपमा बढ्दै गएको रोजागरीले उति नै जटिलता र समस्याहरूको सृजना गरेको छ। जोखिमपूर्ण काम, थोरै तलब स्केल, अदक्ष काममा जाने कामदारहरू मात्र नेपालीमा पाइन्छन् भन्ने अन्तर्राष्ट्रिय रोजगार बजार कम्पनी र देशहरूमा छाप परिसकेकाले अर्धदक्ष र दक्ष कामदारहरू नेपालबाट आपूर्ति हुन सक्दैनन् भन्ने ठान्दछन्। यसरी जोखिमपूर्ण काम, फरक भौगोलिक तथा राजनितिक परिवेश प्रतिकुल सामाजिक तथा धार्मिक मान्यता र परिस्कृत भौगोलिक वातावरणमा काम गर्दा धेरै कामदारहरू मानसिक रूपमा प्रभाबित हुने अङ्गभङ्ग हुने, पक्षघात हुने र मर्ने समेत घटनाहरू दैनिक रूपमा बढ्दो छ। दैनिक दर्जनौ नेपालीका मृत शरीरहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाइबाट नेपाल आउने क्रमले पनि नेपाली श्रमिकहरूको कामको जोखिमता कहाँसुम्मको रहेछ भन्ने थाहा पाउन सकिन्छ। वैदेशिक रोजगारमा गएर विभिन्न कारणबाट मृत्यू हुनेको सङ्ख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। विभिन्न रोगका कारण, झगडाका कारण, ट्राफिक दुर्घटनाका कारण र कार्यस्थलमै दुर्घटनामा परेर भएका छन्। जसमा विगत सात वर्ष यता हेर्ने हो भने सन् २०१५ सम्म पुरुष ४२३५ जना र महिला ८७ जना गरी जम्मा ४३२२ जनाको मृत्यू भएको तथ्याङ्क हामी कहाँ छ (के.त.वि. २०७२)।

त्यसै गरी हृदयघातबाट २९७ जना, हत्याबाट ४७ जना, प्राकृतिक मृत्यूबाट ८४७ जना, आत्महत्याबाट ४५१ जना, सडक दुर्घटनाबाट ५७१ जना, कार्यस्थल दुर्घटनाबाट ३७१ र अन्य मृत्यूबाट ९० जना भएको कुरा तथ्याङ्कमा प्रकाशित भएको छ। रोजगारदाता कम्पनीले नेपाली कामदारहरूका लागि उपलव्ध गराइने तलब स्केलमा तिनीहरूको पहुँच र एजेन्ट कमिसनले महङ्गो मूल्य त तिर्न नै पर्दछ तर कम्पनीले उपलव्ध गराउने तलबमा समेत विदेशी एजेन्टहरूले बार्गेनिङ गर्दा अझ कामदारहरूको दुर्गती शुरु हुने गर्छ। निःशुल्क भिषामा पनि नेपालका दलालहरूको बलियो चङ्गुलमा पर्दा नेपालका मेनपावर कम्पनीलाई तिर्न नपर्ने रकम दलालहरूले जवरजस्ती असुल्ने गर्दछन्। यसरी वैदेशिक रोजगारीबाट नेपाली समाजमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावहरूको बारेमा जानकारी लिन र वैदेशिक रोजगारीका समस्याहरूलाई केलाउने उद्देश्यहरू राखि स्पष्ट पार्न कोशिश गरिने छ।

१. नेपाली कामदारहरूको वैदेशिक रोजगारीमा संलग्नता कस्तो रहेको छ ?

२. नेपाली समाजमा वैदेशिक रोजगारीले पारेको सामाजिक आर्थिक अवस्था कस्तो छ ?

३. नेपाली समाजमा वैदेशिक रोजगारीले पारेको प्रभाव कस्तो छ ?

४. नेपाली समाजमा वैदेशिक रोजगारीले गर्दा सामाजिक रूपान्तरण कस्तो रहेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

उद्देश्य निर्धारण कार्य भनेकोा सवभन्दा महत्वपूर्ण र संवेदनशिल पक्ष हो। त्यसकारण पनि कुनै पनि अध्ययनको निर्धारण गर्दा प्राप्त हुन सक्ने स्रोत र साधनलाई ख्याल राखेर मात्र गर्नु पर्ने हुन्छ। यदि उद्देश्य गहन राखियो भने त्यस कार्यलाई पूर्णता दिन गाह्रो हुनसक्छ। त्यसकारण उद्देश्य सकेसम्म सामान्य खालको राखिनु पर्दछ र राख्ने कोशिष गरिएको छ। उपयुक्त मानयतालाई ध्यानमा राखि वैदेशिक रोजगारको महत्व यसले नेपलाी समाजमा पारेका सकरात्मक तथा नकरात्मक प्रभावहरू र वैदेशिक रोजगारमा संलग्न कमदारहरूको अवस्थाको बारेमा जानकारी लिई स्पष्ट पार्ने कोशिष गरिएको छ। जुन उद्देश्यलाई बुदागत रूपमा लेख्न सकिन्छ।

### सामान्य उद्देश्य

१) वैदेशिक रोजगारीले गग्रमीण जीवन स्तरमा पारेको प्रभाव वारे खोजी गर्न।

### विशिष्ट उद्देश्य

१) वैदेशिक रोजगारीमा संलग्न परिवारहरूको सामाजिक आर्थिक अवस्थाको विश्लेषण गर्न।

२) वैदेशिक रोजगारीले ग्रामीण समुदायको जीवन स्तरमा ल्याएको परिवर्तनको अन्वेषण गर्न।

## १.४ अध्ययनको महत्व

हरेक अध्ययन अनुसन्धान कार्य आफैमा महत्वपूर्ण रहेको हुन्छ। फरक यति मात्र होकी अध्ययन गरेपछि कुनै बढी महत्वपूर्ण र कुनै कम महत्वपूर्ण हुन्छ। प्रत्येक अध्ययनले शैक्षिक, सामाजिक, आर्थिक, राजनितिक तथा धार्मिक कुनै न कुनै महत्व बोकेको हुन्छ। ती

सबै त्यसको उद्देश्य र क्षेत्रले निर्धारण गर्ने कुरा हो । तर यो अध्ययन उद्देश्यको हिसावले आर्थिक र सामाजिक अनुसन्धान भएतापनि यस भित्र सामान्य रूपले समाजको प्राय धेरै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । किनकी व्यक्तिको जीवनलाई समय अनुकुल परिमार्जन गर्दै लैजाने एउटा पक्ष भएको आर्थिक पक्ष हो । मानिसका आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न देखि लिएर समय अनुकुल आफूलाई पनि परिवर्तन र परिमार्जन गर्दै लैजानको निम्ति पनि आर्थिक पक्ष बढी महत्वपूर्ण मानिन्छ । नेपाल जस्तो गरिब तथा परनिर्भर देश बैदेशिक रोजगारीकै कारण नेपालीहरूको जीवनस्तरमा केहि सकरात्मक रूपमा माथि उठेको पाइन्छ भने वैदेशिक रोजगारीकै कारण अन्य विश्वका राष्ट्रहरूसँग नेपालको मित्रता र दौत्य सम्वन्धहरू बढी प्रगाढ हुँदै गएको पनि पाइन्छ । नेपालीहरूको इमान्दारिता र परिश्रमका कारण नेपालको इज्जत र प्रतिष्ठामा बृद्धि भएको छ भने अर्कातिर यसले नेपाली श्रमिकहरूमा कामको अनुभवले दक्षता हासिल हुँदै पनि गएको पाइन्छ । नेपालीहरूमा आफ्नो भूमिका र कर्तव्य प्रति सजग गराउन समेत वैदेशिक रोजगारीले महत्वपूर्ण भूमिका खेलेको छ । तसर्थ यो अध्ययन समाजको एउटा दर्पण हो । यसर्थ यो अध्ययनको महत्व अत्यन्तै गहन र वृहत छ ।

## १.५ अध्ययनको सीमा

अध्ययन अनुसन्धान कार्य सञ्चालन गर्दा एकै चोटी समग्र क्षेत्रलाई समेटेर अध्ययनलाई अगाडी बढाउँदा त्यहाँको बास्तविकता थाहा पाउन कठिन हुन्छ । तसर्थ हरेक अध्ययन अनुसन्धानको आफ्नै सिमा र क्षेत्र हुन्छ । हुन त वर्तमान विश्व भूमण्डलीकरणमा एउटा समाज र अर्को समाज बिचको सम्वन्ध कुनै न कुनै रूपले भइरहन्छ । तैपनि सबै समाजको आवश्यकता र समस्याहरू एउटै नहुने हुँदा प्रत्येक अध्ययन आफ्ना सिमा तोकिनु आवशयक हुन्छ । बेरोजगारी समस्या वास्तवमा अहिलेको अवस्थामा एउटा समाजको मात्र समस्या नभएर यो धेरै जसो समाजकै समस्या हो । त्यसैले यसको कारण, उद्देश्य, वाध्यता, परिणाम र अर्को ठाउँको कारण, उद्देश्य, वाध्यता र परिणाम एउटै नहुन सक्छ । त्यहि मान्तालाई ध्यानमा राख्दै यस अध्ययनको पनि सिमा तोकिनु अति आवश्यक मानिन्छ । त्यहि मान्यतालाई ध्यानमा राख्दै यस अध्ययनको पनि सिमा निर्धारण गरिएको छ ।

यस अध्ययनमा स्याङ्जा जिल्लाको उत्तर पूर्वी भाग स्याङ्जा सदरमुकामबाट करिब २५ कि.मी.को दुरीमा रहेको किचनास गा.वि.स. अन्तर्गत वडा नं. ९ सालडाँडा भन्ने

ठाउँलाई लिइएको छ। जहाँ बसोबास गर्ने बाहुन, क्षेत्री, मगर, नेवार, गुरुङ, कामी, दमाई जातिको वैदेशिक रोजगारको सम्वन्धमा अध्ययन अनुसन्धान गरिएको छ। उक्त गाउँको जम्मा २११ घरधुरी मध्ये ८६ घरधुरी सङ्ख्यालाई समेटी घरधुरी सर्वेक्षण गरी तथ्याङ्मा स्रोत साधन, आर्थिक पक्ष आदिलाई मध्यनजर गर्दै निश्चित समय सिमाको पावन्दी भित्र रहेर यसै क्षेत्रमा यसै विषयमा मात्र अध्ययन गरिएको छ। त्यो भन्दा वाहिरको अध्ययन गरिएको छैन ।

# अध्याय दुई
# साहित्यिक पुनरावलोकन

## २.१ अवधारणात्मक पुनरावलोकन

वैदेशिक रोजगार भनेको वास्तवमा आफ्नो घर र देश छडी अन्य देशमा गई आय आर्जन गर्ने र जीविका चलाउने प्रकृया हो। मानिसहरू एक देश वाट अर्को देशमा गई विभिन्न कार्यमा सङ्लग्न भई आयआर्जन गरी जीवन निर्वाह गरेका हुन्छन भने त्यस लाई वैदेशिक रोजगार भनिन्छ। जुन नेपालीहरूका लागि जीवन निर्वाह र वेरोजगारी समस्या हल भएको छ। लाखौं नेपालीहरू रोजीरोटीका निम्ति वैदेशिक रोजगारी मा जाने क्रम जारी छ। हुन त जनजिव्रो र मानसपटलमा चिरपरिचित शब्द वैदेशिक रोजगारी हो भने नेपाली दाजुभाई हरूको वैदेशिक रोजगारी को प्रमुख गन्तव्य स्थल खाडी मुलुकहरू साउदी अरब, कतार र मलेसिया भएतापनि अतितलाई हेर्ने हो भने छिमेकी राष्ट्र भारत नेपालीहरूको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य स्थल थियो।

सिमा क्षेत्रका नेपालीहरू मौसमी रोजगारीमा आवद्ध नेपालहरू र भारतीय सेनामा भर्ति भएर रोजगारी प्रदान गरिने क्रम विगत देखि हाल सम्म पनि कायम रहेको पाइन्छ। तर हाल आएर छिमेकी राष्ट्र भारतमा यस प्रकारको रोजगारीमा सङ्ख्यात्मक रूपमा कमी आएको कारण विगत एक दशक यता मलेसिया लगायत खाडी मुलुकहरूमा वैदेशिक रोजगारीमा जाने क्रम अपेक्षित रूपमा वृद्धि भएको पाइन्छ (के.त.वि. २०७२)।

नेपालभित्र विगतमा भएको सशस्त्र द्धन्द, जनसङ्ख्याको बढ्दो चाप, अशान्ति, असुरक्षा, आन्तरिक रोजगारीमा कमी, अस्थिर राजनीतिक अवस्था आदीका कारण नेपालीहरूको अन्तिम विकल्प वैदेशिक रोजगारी वनेको हो भन्न सकिन्छ। आर्थिक रूपमा सम्पन्न शैक्षिक जनशक्तिहरू अध्ययनका नाममा अष्ट्रेलिया, अमेरिका, जापान लगायतका युरोपियन मुलुकहरूमा जाने क्रममा भएको वृद्धि संगै मध्यम र निम्न वर्गका अदक्ष बेरोजगार नेपालीहरूको रोजाइ मलेसिया लगायत खाडी मुलुक हरू वन्न पुगेका छन्।

आर्थिक विकास वास्तवमा राष्ट्र निर्माणको मूल आधार हो। मानव जीवनमा

परिवर्तन ल्याउन आर्थिक पक्षले महत्वपूर्ण भुमिका निर्वाह गरेको हुन्छ। वैदेशिक रोजगारीकै कारण नेपालीहरूको आर्थिक पक्षमा केही सुधार अवस्य भएको पाइन्छ। जसले नेपाली समाजमा केहि सकरात्मक परिवर्तनहरू पनि भएका छन्। नेपालीहरूको शैक्षिक पक्ष देखि सामाजिक, सांस्कृतिक, व्यवहारीक मनोवैज्ञानिक आदि पक्षहरूमा पनि परिवर्तन आएको पाइन्छ। मानिसहरूमा छोरा र छोरीको विभेद हटाई शिक्षामा समान पहुँच वढाएको पाइन्छ भने एक अर्का विच सहयोग, खानपान, लवाईखवाई, सोचाई, व्यवहार, मनोरञ्जन, दृष्टिकोण आदि पक्षमा पनि क्रमस परिवर्तन हुँदै आएको पाइन्छ। वैदेशिक रोजगारीका कारण नेपालीहरूको इच्छा, आकांक्षा र आवश्यक्तामा पनि वृद्धि भएको छ भने अर्को तर्फ वसाइ सराइमा पनि प्रभाव परेको पाइन्छ। हिजोको जनघनत्वले भरीभराउ मानिसहरू आज गाउ घर लेकवेसी शुन्य पारेर सुविधायुक्त ठाउँमा वसाइ सर्ने क्रम जारी छ। हिजोका हरीया र वालीले भरीभराउ जमीन आज बाँझो र मलजल विनाको उराठिलो जमिनमा परिणत हुँदै गइरहेको छ। शहरी तथा सुविधा सम्पन्न स्थानमा जनघनत्व दिनप्रतिदिन बढ्दो अवस्थामा छ। मानिसका दैनिक आवश्यक्ताका वस्तुहरूमा बढोत्तरी भएको छ। हिजोको सामान्य अवस्थाको जीवन पद्धति आज भड्किलो र खर्चिलो बन्दै गइरहेको छ।

वैदेशिक रोजगारीकै कारण अतितमा गाउँघरमा अर्काको भरमा वाँच्ने, श्रमवेचेर जीविकोपार्जन गर्ने, जग्गा जमिन वाट वञ्चित व्यक्तिहरू आज वैदेशिक रोजगारीकै कारण एकसरो लगाउन, एकछाक खान र आफ्नै जमिनमा वास वनाएर बस्न सकेका छन भने कैयौ नेपालीहरूको जीवन पद्धतिमा निकै ठूलो परिवर्तन आइसकेको पनि छ। खानपान, लवाइखवाई, शिक्षा, स्वास्थ्य, आदि पक्षमा पनि निकै ठूलो परिवर्तन आएको पाइन्छ। मानिसका आधारमूत आवश्यक्ताहरू परिपुर्ति गर्ने देखि लिएर समय अनुकुल आफु लाई परिवर्तन र परिमार्जिन गर्दै लैजानको निम्ति पनि आर्थिक पक्षलाई बढि महत्वपूर्ण मानिदै आइएको छ। नेपाल जस्तो गरीव तथा विकासोन्मूख र पर निर्भर देश वैदेशिक रोजगारीकै कारण नेपालीहरूको जीवनस्तर केहि माथी उठेको आभाष पाइन्छ। वैदेशिक रोजगारीकै कारण विश्वका अन्य राष्ट्रहरू संगको मित्रता र दुइपक्षिय दौत्य सम्बन्धहरू बढि प्रगाढ हुदै गई रहेको छ भने नेपालीहरूको इमान्दारीता र परिश्रमका कारण नेपालको इज्जत र प्रतिष्ठामा पनि वृद्धि भएको छ (मिश्र, २०६३)।

## २.२ सैद्धान्तिक पुनरावलोकन

वैदेशिक रोजगार नेपाली युवाहरूका लागि राज्यले सिर्जना गरेको दुर्भाग्य पूर्ण र वाध्यात्मक परिस्थितीको उपज हो । राज्यको स्वदेशमानै रोजगारीको अवसर सिर्जना गर्नु पर्छ भन्ने सोच नभएका कारण आजका दिनहरूमा हजारौ उर्जाशिल, जुझारु युवाशक्तिहरू रोजगारीका नाममा विदेश जानु परेको छ। नेपालमा वार्षिक ४ लाख ५० हजार नयां श्रमशक्ति उत्पादन हुने गर्दछ। त्यसमा पनि राष्ट्रिय योजना आयोगले तेहौं त्रिवर्षिय योजनामा ५० हजारलाई मात्र रोजगारी दिने लक्ष्य लिएको छ। वांकी ४ लाख प्रति राज्यको दायित्व छ वा छैन जवाफ राज्य सँग नै छ। यद्धपि राज्यले वैदेशिक रोजगारीको विकल्प तत्काल लिनु पर्दछ अन्यथा दिर्घकालमा यसवाट राज्यलाई प्रतिकुल प्रभाव पर्दछ ।

जानकारी होस नेपाली कामदारहरूको अत्यधिक माग गर्ने मलेसिया, कतार, साउदी अरव, दुवई जस्ता देशहरूले भविष्यमा यहि प्रक्रिया र सङ्ख्यामा रोजगार आपुर्ति गर्दछन भन्ने पनि छैन। ति देश हरूका राज्य सरकार त्यहाको श्रम नितिमा नेपाली कामदारहरूको भविष्य र भाग्यको फैसला निर्क्योल हुने गर्दछ। यदि उक्त देशहरूमा परिवर्तित सरकार र राज्य नितीले नेपाली कामदारहरूको आपुर्ति वन्द वा कटौति गरे त्यसको प्रत्यक्ष असर नेपाललाई पर्दछ। भविष्यमा त्यस्तो सम्भावित दुर्घटना र परिस्थिति नहोस भन्नाका निम्ति नेपाल सरकार वेलैमा सचेत भएर वैकल्पिक पूर्वाधार तयार पार्नू पर्दछ। अवको दिनमा नेपालीलाई रोजगार दिने भन्ने परिवेश वर्तमानमा रोजगार दिने ती देशहरूको राजनीतिक वा सामाजिक वातावरणले सिर्जना गर्ने परिणाम हो (मेसी, इ.स.. १९९३) ।

## २.३ पूर्व अध्ययनको समिक्षा

वैदेशिक रोजगारीबाट दक्षिण एशियाली राष्ट्रहरूको सन्दर्भमा सवैभन्दा वढि विप्रेषण भित्र्याउने राष्ट्र भनेको नेपाल हो। जसले २४.७ प्रतिशत रकम भित्र्याउछ भने त्यसपछि बंगालादेश, श्रीलंका, पाकिस्तान, भारत, भूटान, माल्दिप्स र अफगानस्तान छन्। सर्वप्रथम नेपालीहरू सन् १८१५-१६ मा वेलायत सरकारले व्रिटिस गोर्खा रेजिमेन्टमा ४६५० जना नेपाली युवालाई भर्ति गराएर वैदेशिक रोजगारीको थालनी गराएको पाइन्छ। समुन्द्रपारका देशहरूमा सन् १८९० पश्चात रोजगारीको लागि अनुमति पाइएको थियो। वैदेशिक रोजगारीका लागि भारत वाहेकका मुलुकमा ३५ लाख भन्दा बढि नेपाली हरू गएको तथ्याङ्क छ भने भारतमा मात्र २० लाख नेपालीहरू रहेको अनुमान छ ।

सन् १८१५ डिसेम्वर २ मा तत्कालिन नेपाल सरकार र इष्ट इन्डिया कम्पनी हालको भारत सँग सुगौली मा भएको सन्धी पश्चात पूर्व मेची, पश्चिम महाकाली उत्तर पहाड दक्षिण तराई सम्मका युवालाई बेलायत सरकारले सेनामा भर्ति हुन आग्रह गरेको थियो । वैधानिक प्रक्रियद्वारा तत्कालीन समयमा सैनिक पेशाामा भर्ति हुने र सेवा गर्न जाने नेपालीहरूलाई लाहुरे भनेर चिनिन्थ्यो । यद्धपि यो परम्परा आजपनि कायमै छ । आजका दिनमा पनि भारतमा गोर्खा पल्टन र वेलायतमा गोर्खा रेजिमेन्टमा सैनिक सेवामा नेपालीहरू विभिन्न देशहरूमा रोजगारीका लागि साथै आय आर्जन गर्न गएको देखिनछ ।तर विगतदेखि केहि वर्षको तथ्याङ्क ले नेपाली विदेशमा आयआर्जन गर्न मात्र नभएर अन्य विभिन्न प्रयोजनका लागि पनि विदेशिएको पाइन्छ । कार्यशैली र प्रयोजनका आधारमा यसरी विदेश जाने नेपालीहरूलाई ५ वर्गमा विभाजन गरैको पाइन्छ । जस्तै वैदेशिक रोजगारीका लागि, उच्च शिक्षा अध्ययन गर्नका लागि, कुटनितिक नियोग तथा शान्ति स्थापनाका लागि, पनि नेपालीहरू विदेशिएको पाइन्छ (गिड्डेन इ.सं. २००१) ।

### २.३.१ आर्थिक सिद्धान्त

आर्थिक विकास देश निर्माणको मूल आधार हो । समाज रूपान्तरणमा पनि आर्थिक पक्षले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । मानिसका हरेक क्रियाकलापहरू अर्थसंग सम्बन्धित हुन्छन् । आर्थिक पक्षलाई सवल वनाउन मानिसहरू विभिन्न किसिमका उधोग धन्दा चलाउने, मजदुरी गर्ने, वस्तुको उत्पादनगरी खरिद विक्रि गर्ने, वैदेशिक रोजगारीमा जाने जस्ता क्रियाकलाप हरू गरी रहेका हुन्छन् । यस्तै क्रियाकलाप वाट मानिसका आवश्यक्ताहरू परिपूर्ति भइरहेका हुन्छन् । कसैको आम्दानीको स्रोत बढिहुन्छ भने कसैको कम हुन्छ । आम्दानी वढि हुने व्यक्तिको जीवन शैली र आम्दानी कमी हुने व्यक्तिहरूको जीवन शैली पनि फरक फरक हुने गर्दछ (क्षेत्री, १९८७) ।

वैदेशिक रोजगारीकै कारण विगतमा गाउँघरमा अर्काको भरमा वाँच्ने, श्रम वेचेर जीविको पार्जन गर्ने, आफ्ना वालवच्चालाई सामान्य आधारमूत शिक्षा दिने र आधारमूत स्वास्थ्य सेवा बाट वञ्चित नेपालीहरू वैदेशिक रोजगारीकै कारण एक सरो लगाउन, एकछाक खान र आफ्नै जमिनमा छाप्रो वनाएर वस्न सफल भएका छन भने कैयौं नेपालीहरूको जीवन पद्धतिमा पनि परिवर्तन आएको आभास पाइन्छ (रिचर, सन् १९९६) ।

विगत ६-७ वर्ष देखिमात्र नेपाल सरकारले रोजगार र विप्रेषण राज्यको आर्थिक मेरुदण्डको महत्वपूर्ण पाटो हो भनि स्वीकार गरेको छ। शाहीशासनको अवसान पस्चात प्रगति उन्मुख रहेको खुला अर्थ व्यवस्थाले विदेशका प्रयाप्त ठाउहरूको खोजी भएका कारण र राज्यलाई वैदेशिक सहायता रोकिदा र अन्य आम्दानीको स्रोत नभएका अवस्थामा वैदेशिक रोजगारीले मात्र नेपाली अर्थतन्त्र लाई धानेको रहेछ भन्ने प्रमाणित भएके थियो। यस पश्चात राज्यले वैदेशिक रोजगारीका लागि छुट्टै कार्य योजना वनाई विप्रेषणलाई राज्यको दायरा भित्र ल्याउन बैंकिङ माध्यमको दायरा फराकिलो बनाउनु पर्ने सोच राखि विस्तार गरेको पाइन्छ। नेपालको ग्रामीण तथा दुर्गम क्षेत्रबाट रोजगारीमा जाने प्रवृतिको किसिम हेर्दा अस्थायी, मौसमी र दिर्घकालिन किसिमको पाइन्छ। सामान्यतया घरको आर्थिक अवस्था र पारिवारिक समस्य पुरा गर्नका लागि वैदेशिक रोजगरमा गएका देखिन्छन्। नेपालमा वढ्दो जनसङ्ख्या र रोजगारीमा कमी र असुरक्षा नै वैदेशिक रोजगार युवाहरूको छनोटका आधारहरू हुन। कृषि क्षेत्रको योगदान राष्ट्रिय आयमा घट्दो रूपमा देखिन्छ। कृषिको तकालिन अवस्थामा कुल ग्राहस्थको ७८ प्रतिश योगदान विगत ४-५ वर्ष यता घटेर ४० प्रतिशत हुन आएको छ। यसरी सिर्जना भएको थप वेरोजगारीताको समस्या वार्षिक ३-४ लाख वेरोजगार हरूलाई एकल पहलबाट रोजगार उपलब्ध गराउन सक्ने राज्यको आर्थिक आधार पनि हो वैदेशिक रोजगार (आर्थिक सर्वेक्षण सन् २०१६)।

नेपालको अर्थतन्त्र वैदेशिक ऋण, अनुदान र सहयेग बाट मात्र परिचालित छ। यहासम्मकी प्रत्येक नेपाली आमाको कोखबाट जन्मेका नेपालीले जन्मना साथ राज्यको औसत रु २०,००० वरावरको ऋणभार वोकेका हुन्छन। राज्यमा छिमेकी हरूसंगको आर्थिक व्यापार घाटा, अन्तराष्ट्रिय निर्यातमा कमी, आयातको वढ्दो अवस्थाले नेपालको अर्थतन्त्र नकरात्मक रूपमा ओरालो लागेको पाइन्छ। यस्तो विषम परिस्थितीमा राज्यसत्तामा सञ्चालकहरूको भत्तामा कुल वार्षिक वजेटको औसत १ प्रतिशत खर्च तथा उच्च स्तरका राजनैतिक व्यक्तिहरूका लागि आजिवन सुविधा दिने निर्णय राज्यको ढुकुटी रित्याउने चलखेल भइरहेको पाइन्छ (मार्क्स, सन्. १९७७)।

### २.३.२ सामाजिक परिवर्तनको सिद्धान्त

सामाजिक सम्बन्धमा आउने परिवर्तन सामाजिक परिवर्तन हो। यस्तो परिवर्तन सामाजिक संरचनामा परिवर्तन आएपछि देखिन्छ। सामाजिक संरचनाका विभिन्न इकाइहरू

जाति, धर्म, आर्थिक, सङ्गठन, सामाजिक संस्था लगायतका विभिन्न इकाइमा आउने परिवर्तनले सामाजिक परिवर्तनलाई प्रेरित गर्दछ। व्यक्तिको पद तथा भूमिकामा आउने परिवर्तन पनि सामाजिक परिवर्तन हो। यसै गरी मानिसको संस्कृति, व्यवहार र उसका क्रियाकलापमा आउने परिवर्तनलजाई सामाजिक परिवर्तन भन्न सकिन्छ।

मानवीय सम्बन्धमा परिवर्तन आउनु सामाजिक परिवर्तन हो (मेक आइभर) सामाजिक संरचना जस्तो समाजको आकार, वनावट वा यसका भागको सन्तुलन वा यसका संगठनका प्रकारमा आउने परिवर्तनलाई म सामाजिक परिवर्तन बुझ्दछु (जिन्सवर्ग) त्यसै गरी जेन्सन यस सम्बन्धमा भन्दछन् मानिसको सोचाइ र कार्य प्रणालीको तरिकामा रूपान्तरण आउनु सामाजिक परिवर्तन हो।

उल्लेखित परिभाषाका साथै हाम्रो आफ्नै अनुभवलाई हेर्दा पनि सामाजिक परिवर्तनलाई समाज विश्लेषणको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। सामाजिक सङ्गठन वा संस्था जस्तो विवाह, परिवार, नाता सम्बन्ध, आर्थिक सङ्गठन, राजनीतिक ढाँचा, उत्पादनको तरिका आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भन्न सकिन्छ। यस ऽममा कतिपय नयाँ अवस्थाहरू, नयाँ तकिराहरू वा मान्यताहरूको विकास हुन्छन्। कतिपय अवस्थामा रूपान्तरण समेत हुन्छ। जब सामाजिक रूपान्तरण हुन्छ, तब सामाजिक दृष्टिकोण, मान्यता, पद र भूमिका, बानी व्यहोरा आदिमा परिवर्तन आउँछ। अनौपचारिक आर्थिक, सामाजिक र राजनैतिक संगठनहरूमा औपचारिकता आउँछ। परिवारको सदस्यहरू बीच सम्बन्ध, परिवारको आकार र कार्यमा परिवर्तन आएको देखिन्छ। पति पत्नी र बालबच्चाको भूमिकामा परिवर्तन आएको छ। यसैले सामाजिक सम्बन्ध, सामाजि सङ्गठन आदिमा रूपान्तरण वा परिवर्तन हुने प्रक्रियालाई सामाजिक परिवर्तन मान्न सकिन्छ।

नेपालको सन्दर्भमा सामाजिक परिवर्तन गराउन वैदेशिक रोजगारीले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। मानिसको व्यवहार देखि लिएर चालचलन, बोली भाषा, खानपान, भेषभूषा, संस्कार, चाडपर्व, उत्सव, जीवन शैली, आदिमा परिवर्तन आएको अवस्था छ। त्यसै गरी आफ्नो निर्णय आफै गर्ने, समाजमा कानुनी उपचार खोज्ने, आदर सम्मानको भाषा बोल्ने, विकास कार्यमा सहभागिता जनाउने, सामुहिक निर्णय गर्ने आदि जस्ता कार्यहरूमा सामाजिक परिवर्तन भएको पाइन्छ (श्रेष्ठ, २०५१)।

सामाजिक परिवर्तनका विशेषताहरू

- यो निरन्तर चलिरहने प्रक्रिया हो।

- सिङ्गो जीवन पद्धति व्यवहारमा परिवर्तन आउँछ ।
- यसले प्रसार, अनुकूलन, विकास र परसंस्कृति ग्रहणले मुख्य गरी परिवर्तनका लागि प्रभाव पार्दछ ।
- व्यापक परिवर्तन हुन्छ ।
- सामान्य नियम हो
- भौतिक तथा अभौतिक वस्तुमा परिवर्तन हुन्छ ।
- लवाइ खवाइ, भाषा, साहित्य आदिमा आउने परिवर्तन हो ।
- प्रविधि, बसोबास, ढाँचा, उत्पादन प्रणालमिा हुने परिवर्तन हो ।

## २.४ बसाइ सराइको सिद्धान्त

बसाइ सराइका कारणहरू खोजी गर्दै जाने क्रममा सन् १८७१ र १८८१ मा बेलायतमा सम्पनन भएका दुवै जनगणनाका तथ्याङ्कहरूको तुलना गर्दै प्रसिद्ध विद्वान् इभेसट जर्ज रिभेन्टाइनले बसाइ सराइ सम्बन्धी सिद्धान्तको प्रतिपादन गरे । उनको विचारमा अधिकांश बसाइ सराइ छोटो दुरीका लागि हुने गर्दछ । बसाइ सराइ कर्ता एकीकृत हुने क्षेत्रफर्त जाँदा उनीहरूले खाली गरेको ठाउँलाई अन्य दुर्गम क्षेत्रका मानिसद्वारा पूर्ति हुने गर्दछ । लामो दुरमिा बसाइ सर्नेहरूले ठूला शहर वा औद्योगिक क्षेत्रतर्फ बसाइ सराइलाई प्राथमिकता दिन्छन् भने शहरी क्षेत्रमा बसोबास गर्नेहरू ग्रामीण क्षेत्रमा बसोबास गर्नेका तुलनामा कम बसाइ सर्दछन् । छोटो दुरीमा पुराष्हरूको तुलनामा महिलाहरू बढी बसाइ सराइमा संलगन हुन्छन् तर लामो दुरमिा भने पुरुषहरू बढी बसाइ सराइ गर्दछन् ( रिभेन्टाइन, सन् १८८९) ।

त्यसै गरी बसाइ सराइकै क्रममा आफ्नो मौलिक थलो छाड्न र गन्तव्य स्थानमा पुगन थुप्रै तत्त्वहरूले दुवै तर्फ प्रभावित गर्दछन्  वास्तवमा मौलिक थलोको यथार्थ जानकारी गन्तव्य स्थानमा जानेहरूलाई भए तापनि गन्तव्य स्थानका बारेमा भने धेरै हदसम्म उनीहरू अनभिज्ञ हुन्छन् भने इमरेसट एस को धारणा रहेको छ । अतः बसाइ सराइले अन्तिम रूप लिनु पूर्व थुप्रै आन्तरिक अवरोधहरू रहेका हुन्छन्, जसमा दुरी र यातायातको महत्त्वपूर्ण भूमिका हुन्छ । यो आधुनिक युगमा प्राविधिक तत्त्वहरूले बसाइ सराइमा खासे प्रभाव पार्छन् भन्न सकिँदैन, किनकि यसको प्रभाव प्रायः सबै स्थानमा हुन

थालेको छ। त्यसैले बसाइ सराइका लागि व्यक्तिगत तत्त्वहरू नै अति महत्त्वपपूर्ण मानिन्छन्। किनभने यी तत्त्वहरूले गर्दा नै मौलिक तथा गन्तव्य स्थानबारेमा व्यक्तिहरूले बुझि मूल्याङ्कन गरेर उनीहरू बसाइ सर्न सफल हुन्छन्। व्यक्तिगत गुणमा रहेको भिन्नताकै कारण लीले बसाइ सराइको निर्णयलाई कहिल्यै पनि पूर्ण विवेकीकरणमा आधारित हुन्छ भनी स्वीकार्दैनन्। लीका विचारमा सम्पूर्ण बसाइ सराइ कर्ताहरू आफ्नै निर्णयमा बसाइ सर्दैनन्। उदाहरणको लागि अभिभावकका साथमा उसका बालबच्चाहरू स्वतः बसाइ सराइमा संलगन रहन्छन्। जसलाई सकेुन्टीयल माइग्रेसन भनिन्छ।

लीका अनुसार बसाइ सराइ नकरात्मक तत्त्वमा बाध्यात्मक, सकरात्मक तत्त्वमा आकर्षणका साथै तटस्थका कारणले गर्दा अवरोधजन्य कारणबाट तथा यातायातको सम्बन्धबाट प्रभावित हुन्छन्। यहाँ मानिसहरू यिनै तत्त्वहरूलाई आधार बनाई फाइदा र बेफाइदालाई आधार बनाई त्यसमा विचार गरी बसाइ सराइ गर्ने वा नगर्ने निर्णय गर्दछ। बसाइ सराइ प्रवाह चार किसिमको हुन्छ। गाउँबाट गउँमा, गाउँबाट सहरमा, शहरबाट शहरमा र शहरबाट गाउँमा।

यसमा पनि अधिकांश मानिसहरू गाउँबाट शहरतिर बसाइ सराइ गरेको पाइन्छ। त्यसमा पनि गाउँमा भन्दा शहरमा न्यून ज्याला, महङ्गी, खराब वातावरण, आदिका कारण पनि शहरी क्षेत्रमा नै बढी आकर्षण भएको पाइन्छ भने अर्को तर्फ कुनै न कुनै दिन औपचारिक जागिर पाउने आशाले धेरै मानिसहरू शहरतिर बसाइ सरी आउने गरेको देखिन्छ (टोडारो, सन् १९७६)।

नेपालमा आन्तरिक बसाइ सराइको प्रचलन धेरै पहिलेदेखि सुरु भएको इतिहासले देखाउँछ तर पनि विगत ५ वटा जनगणना वर्षहरू देखि मात्र नेपालमा बसाइ सराइका तथ्याङ्क सङ्कलन गर्न थालिएको हो। नेपालमा बसाइ सराइका तथ्याङ्कहरू सङ्कलन गर्न सन् १९६१ देखि सुरु गरिएको पाइन्छ। नेपालमा आन्तरिक बसाइ सराइको प्रवृत्ति दिनप्रतिदिन बढ्दो क्रममा रहेको देखिन्छ। सन् १९६१ मा ४,२२,४०२ जना नेपालीहरूले देशभित्रै बसाइ सराइ गरेका थिए भने सन् १९६१ मा ४,४५,१२८ जनाले आन्तरिक बसाइ सराइमा भाग लिएका थिए।

पहाडी क्षेत्रमा मानिसहरू विदेशमा गई काम गर्न थालेको पाइन्छ। आफ्नो देशबाट बसाइ सरी अन्य देशमा जाने प्रक्रियालाई प्रवासन भनिन्छ। सुरु सुरमा यस्ता व्यक्तिहरूको सङ्ख्या कम भए तापनि हाल यसको सङ्ख्या तीव्र रूपमा बढ्दै गउको पाइन्छ। त्यसै गरी

नेपालमा पर्यटकीय एवम् अन्य उद्देश्यले नेपाल भिनि विदेशीहरूको सङ्ख्या पनि विगतको तुलनामा बढ्दै गएको पाइन्छ।अन्य देशहरूबाट बसाइ सहरी कुनै देश भित्र आउने प्रक्रियालाई आप्रवासन मानिन्छ। नेपालमा विगत ४ दशकदेखि आप्रावासीहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको पाइन्छ (के.त.वि. सन् २०१४)।

# अध्याय तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

उक्त गा.वि.स. मा जम्मा जनसङ्ख्या ७८५९ रहेको छ भने महिलाको सङ्ख्या ३८९१ र पुरुषको सँख्या ३९६८ रहेको पाइन्छ। हालसम्म यस क्षेत्रमा अध्ययन र अनुसन्धान नभएको, वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको अवस्था कस्तो छ भनी वुझ्न, सकरात्मक र नकरात्मक प्रभाव वारे जानकारी लिनुको साथै वैदेशिक रोजगारीका कारण जीवनपद्धतिमा आएको परिवर्तन वारे वुझ्न, हरेक गतिविधि हरूको सत्य तथ्य वाहिर ल्याउने तिव्र इच्छा भएकोले यस अध्ययनको औचित्य रहि आएको छ। तर यस अध्ययनको उद्धेश्यको हिसावले आर्थिक र सामजिक अनुसन्धन भएतापनि यसले सामान्य रूपले वैदेशिक रोजगारीवाट भएको सामाजिक परिष्कृत तथा रूपान्तरणको वारेमा चर्चा गरीने प्रयास गरिएको छ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढांचाको प्रयोग गरीने छ। वैदेशिक रोजगारीको वारेमा प्राप्त विभिन्न सूचना हरूको वर्णन गरी निष्कर्ष निकालिने अध्ययन ढांचा वर्णनात्मक रहने छ भने अध्ययनको क्रममा विभिन्न नयाँ तथ्यहरू पत्ता लगाइ विश्लेषण गर्ने हुनाले अन्वेषणात्मक पनि रहने छ। साथै यो अध्ययनलाई सफल वनाउन यस विषयमा गहिरो ज्ञान भएका र सरोकार वाला व्यक्तिहरूको अनुभव र विचारहरू संकलन गरिएका छन्।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

तथ्याङ्क संकलनका लागि अध्ययनको आवश्यकता अनुसार सङ्ख्यात्मक तथा गुणात्मक दुवै प्रकृतिको सुचनादाताहरू प्रयोग गरीने छ। भने स्रोतहरूमा निम्न अनुसारको स्रोतहरू अवलम्बन गरीने छ। जसमा समूह छलफल, व्यक्तिक अध्ययन, विभिन्न

कार्यालयका रेकर्डहरू, विश्वविद्यालयका विद्यार्थी र प्रध्यापकहरूको शोधपत्र, अटो डायरीहरू लेख, रचना, प्रतिवेदन लाई आवश्यक मात्रामा प्रयोग गरिएको छ ।

## ३.४ समग्र र नमुना

यो अनुसन्धानमा स्याङ्जा जिल्लाको किचनास गा.वि.स. को वडा नं. ९ स्थित सालडााडा गाउँलाई अध्ययन क्षेत्र मानिएको छ । उक्त गाउँमा ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, मगर, कामी, दमै, भुजेल आदि जातजातिको बसोबास छ । उक्त गाउँमा जम्मा २११ घरधुरी छन् । जसमा पुरुष ६२६ महिला ६९५ गरी जम्मा सङ्ख्या १३२१ छ । २११ घरधुरी मध्ये वैदेशिक रोजगारीमा जाने घरधुरीको जनसङ्ख्या ६८ रहेकोले सो उद्देश्य मुलक नमुना छनोट पद्धति अवलम्वन गरी उत्तरदाता छनोट गरिएको छ। समग्र ६८ घरधुरीको नै अध्ययन गरिने हुनाले जनगणना विधि प्रयोग गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्कका विधिहरू

तथ्याङ्क संकलनका विधिहरूमा प्राथमिक तथ्याङ्क संकलनका विधि अवलम्वन गरिएको छ ।

प्राथमिक तथ्याङ्क विधिमा अन्तरवार्ता अनुसूची, वैयक्तिक अध्ययनरत र मुख्य सुचना दातासँगको अन्तरवार्ता राखिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

उक्त अन्तरवार्ता विधि द्वारा त्यस क्षेत्रका विभिन्न जातजातिहरूको जनसङ्ख्या विवरण, पारीवारिक विवरण, उमेर, शिक्षा, पेशा व्यवसाय, वैदेशिक रोजगारीको विवरण, रोजगारीका निम्ती गएका देशहरूको विवरण, औसत वार्षिक आम्दानी र खर्च आदीका वारेमा अन्तरवार्ता अनुसूची तयार गरी ६८ जनालाई साक्षात्कार विधि द्वारा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ बैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन भन्नाले कुनै व्यक्ति, परिवार, संस्था, समुदाय आदिको गहिरो अध्ययन हो । यहाँ फरक फरक समुदायका ४ जना व्यक्तिको हरेक पक्षको वारेमा अध्ययन गरी तथ्य पत्ता लगाउने कोशिष गरिएको छ ।

### ३.५.३ मुख्य सुचना दाता संगको अन्तरवार्ता

अध्ययनलाई अझै वैज्ञानिक र व्यवस्थित बनाउनका निम्ति विषयको बारेमा विशेष जानकारहरू गा.वि.स. सचिव, शिक्षक, राजनितिक कार्यकर्ता आमासमूहको अध्यक्ष, क्लवको अध्यक्ष, वैदेशिक रोजगार कमी, कृषि पेशामा संलग्न व्यक्तिसँग अन्तरवार्ता गरी अध्ययनलाई आवश्यक गुणात्मक सुचनाहरू संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण

अधययन अनुसन्धानको सफलता संकलन गरिएका तथ्याङ्कहरूको प्रभावकारी विशलेषण र प्रस्तुतिकरणमा निर्भर रहन्छ। जसका लागि प्राथमिक तथा द्वितीय स्रोतको आधारमा तथ्याङ्क संकलन गरिएको छ। यसको साथै गुणाात्मक प्रकृतिका सुचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र वस्तुपरक बनाउन त्यसरी नै व्याख्या र विश्लेषण गरिएको छ। विभिन्न प्रकृतिका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार टेवल चार्टको आधारमा सांख्यिकिय विधि प्रयोग गरेर प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय तथा उत्तरदाताको पृष्ठभूमि

## ४.१ अध्ययन क्षेत्रको परिचय

यस अध्ययन क्षेत्रअन्तर्गत गण्डकी अञ्चल स्याङ्जा जिल्ला किचनास गाउँ विकास समितिको वडा नं. ९ सालडाँडा गाउँलाई छनोट गरिएको छ। उक्त गा.वि.स स्याङ्जा जिल्लाको सदरमुकामदेखि २५ कि.मी.को दुरीमा अवस्थित छ। घुम्ती चिुसापानी चित्रे कृषि सडक, दुलेगौंडा विरुवा हुँदै किचनाससम्म सडक सञ्जालले घेरेको उक्त गा.वि.समा प्रत्येक वडा र टोलमा समेत सडक बाटोले छोएको छ। यस गा.वि.सलाई पूर्वमा तनहुँ जिल्लाको राईपुर गा.वि.स, पचिममा मनकामना र विरुवा अर्चले गा.वि., उत्तरमा ओरष्टे र कोल्मा गा.वि.स र दक्षिणमा मग्याम चिसापानी र मनकामना गा.वि.सले घेरेको छ भने यस गा.वि.सको कुल क्षेत्रफल २.४२ वर्ग कि.मी रहेको छ। यो गा.वि.स विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूको आकर्षक गन्तव्य पनि हो। यहाँका धार्मिक तथा पर्यटकीय स्थलहरूमा थानपतिको मिन्दर, दह पोखरी, गोरु ढुङ्गा शिव मन्दिर, सिम्ले गुफा, भेंडाबारी गुफा, आग्रीडाँडा गुफा रहेका छन्। खैरेकोट डाँडाबाट स्याङ्जा तनहुँका महत्त्वपूर्ण ठाउँहरू देखिनका साथै नवलपरासीको देउचुलीलाई पनि अवलोकन गर्न सकिन्छ। यहाँ बाहुन, क्षेत्री, मगर, नेवार, गुरुङ, गिरी, भुजेल, कामी, दमाई आदि जातजातिहरू बसोबास गर्दछन्। वि.सं. २०६८ सालको जनगणनाअनुसार यस गा.वि.समा महिला ३,८९१ र पुरुष ३,९६८ गरी जम्मा ७,८५९ जनसङ्ख्या रहेको पाइन्छ। यस गा.वि.समा ३ वटा माध्यमिक विद्यालय, २ वटा ८ कक्षासम्म सञ्चालन भएका आधारभूत विद्यालय, एउटा ५ कक्षासम्म र ३ वटा कक्षा तिनसम्म सञ्चालन भएका आधारभूत विद्यालयहरू रहेका छन्। एउटा स्वास्थ्य चौकी, एउटा गा.वि.स कार्यालय, चार ओटा प्राइभेट औषधी पसलहरू सञ्चालनमा रहेका छन्। यस गा.वि.समा विभिन्न २७ ओटा आमा समूह र १९ ओटा युवा क्लबहरू पनि गठन गरिएका छन्। यस गा.वि.सको सालडाँडा हट्टिया बजार किनमेलका लागि अति महत्त्वपूर्ण स्थान मानिन्छ।

## ४.२ आर्थिक तथा सामाजिक विश्लेषण

समाज भनेको सामाजिक सम्बन्धको जालो हो। समाज विभिन्न एकाइहरूको अन्तरक्रियात्मक व्यवथा हो। प्रत्येक एकाइहरूको आ-आफ्नो स्थान कार्य हुन्छ त्यसैले समाज एउटा व्यवस्था हो भन्न सकिन्छ। यस भित्र आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक व्यवस्थाहरू रहेका हुन्छन्। यी विभिन्न व्यवस्था भित्र पनि यिनलाई सञ्चालन गर्ने व्यक्ति, समूह, जातजाति, पद, भूमिका, उद्देश्य तथा पद्धतिहरू रहेका हुन्छन्। कुनै पनि समाजको अध्ययन गरेर त्यस समाजमा बस्ने व्यक्तिहरूको आर्थिक अवस्था, सामाजिक अवस्था, राजनीतिक अवस्था, धार्मिक अवस्था पारिवारिक अवस्था के कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ।

यस शोध कार्यमा अध्ययन क्षेत्रका वैदेशिक रोजगारीमा गएका घर परिवारका घरमुली महिला तथा पुरुषहरूको आर्थिक तथा सामाजिक रूपान्तरणअन्तर्गत परिवारको स्थिति, उमेर समूह, शैक्षिक अवस्था, जातिगत अवस्था, घरमुलीको अवस्था, भाषिक अवस्था आदि जस्ता पक्षहरूमा अध्ययन गरिएको छ।

समाज विभिन्न एकाइहरूको अन्तरक्रियात्मक व्यवथा हो। प्रत्येक एकाइको आ-आफ्नो स्थान र कार्य हुन्छ। स्थानअनुसारकै कार्यसम्पानबाट समाज स्थिर, निरन्तर र क्रियाशील रहन्छ। त्यस मध्ये आर्थिक एकाइ मानव जीवनको महत्त्वपूर्ण एकाइ हो। जसको आधारमा नै मानव जीवन दिगो रहन्छ। व्यवहारिक र सिपमूलक कार्यमा दक्षता प्राप्त गरेका मानवीय स्रोत समाजमा उपलब्ध भएमा उच्चस्तरका आय आर्जनका क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ। मानव जीवनका दैनिक क्रियाकलापहरूमा हरेक पक्षमा प्रभाव पार्ने आर्थिक पक्षले समुदायको सांस्कृतिक, चालचलन, रीतिरिवाज, संस्कार, जीवनशैली आदिमा पत्यक्ष  तथा परोक्ष रूपमा प्रभाव पारेको हुन्छ।

यस शोध कार्यमा किचनास गा.वि.स वडा नं. ९ सालडाँडाका वैदेशिक रोजगारीमा गएका घर परिवारका व्यक्ति तथा सदस्यहरूको आर्थिक अवस्थालाई अध्ययन गरी यसले समाज रूपान्तरणमा पारेको प्रभावको बारेमा अध्ययन र अनुसन्धान गरिएको छ। अध्ययन क्षेत्रका उत्तरदाताहरूको आर्थिक तथा सामाजिक अवस्थाको व्याख्या गर्ने क्रममा छनोटमा परेका ६८ जना वैदेशिक रोजगारीमा संलग्न परिवारका घरमुलीहरूसँग प्रत्यक्ष अर्न्तवार्ताको साथमा प्रश्नावली तयार गरी तथा अन्य आवश्यक जानकारी लिएर उनीहरूको सर्वेक्षण गर्ने

कार्य सम्पन्न गरिएको छ । उत्तरदाताहरूबाट प्राप्त गरेको तथ्याङ्कलाई विभिन्न माध्यमबाट प्रस्तुति, व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.३ पारिवारिक विवरण

अध्ययन क्षेत्रका वैदेशिक रोजगारीमा संलग्न पारिवारिक स्थितिलाई पाँच ओटा उमेर समूहमा विभाजन गरेर अध्ययन गरिएको छ । (०-५, ६-१५, १६-४५, ४६-६०, ६०+ वर्ष) तिनीहरू मध्ये सबैभन्दा बढी १६-४५ वर्षका मानिसहरू रहेका छन् । तिनीहरूको लिङ्ग र उमेरअनुसारको जनसङ्ख्याको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१**

**परिवार सङ्ख्याको आधारमा उत्तरदाताहरूको विवरण**

| उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-५ | ३२ | २९ | ६१ | १५.०७% |
| ६-१५ | ३९ | ३५ | ७४ | १८.२७% |
| १६-४५ | ५३ | ५५ | १०८ | २६.६६% |
| ४६-६० | ४१ | ३६ | ७७ | १९.०२% |
| ६० देखि माथि | ४५ | ४० | ८५ | २०.९८% |
| जम्मा | २१० | १९५ | ४०५ | १००% |


*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको पारिवारिक सङ्ख्याको स्थितिलाई हेर्दा जम्मा जनसङ्ख्या ४०५ जना मध्ये महिलाहरूको सङ्ख्या २१० जना ( ५१.८५%) र पुरुषहरूको सङ्ख्या १९५ जना (४८.१५%) रहेका पाइयो । जसमध्ये १६-४५ वर्षका व्यक्तिहरू सबैभन्दा बढी ५३ जना महिला ५५ जना पुरुष र सबैभन्दा कम ०-५ वर्षका ३२ जना महिला र २९ जना पुरुष रहेको पाइयो ।

परिवार सङ्ख्याको आधारमा उत्तरदाताहरूको विवरण हेर्दा यस्तो किसिमको देखियो । जसलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**परिवार सङ्ख्याको आधारमा उत्तरदाताहरूको विवरण**

**चित्र ४.१**




## ४.४ उमेर समूह

कुनै पनि क्षेत्रको जनसङ्ख्यामा उमेर पनि महत्त्वपूर्ण सामाजिक तत्त्व मानिन्छ। यसले गर्दा नै विभिन्न कार्यहरूमा विविधता ल्याउँछ। उमेरले सामाजिक विकास, चेतना, परिवर्तन, निर्णय गर्ने क्षमता, आर्थिक क्रियाकलाप जस्ता क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ। उमेर समूहअनुसार उत्तरदाताहरूको सोचाइ फरक फरक किसिमको हुने भएकाले यहाँ महिला तथा पुरुषलाई विभिन्न उमेर समूहमा सहभागी बनाइएको छ।

**तालिका ४.२**

**उत्तरदाताको उमेर सम्बन्धी विवरण**

| उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १८-२५ वर्ष | ३ | ६ | ९ | १३.२३% |
| २६-३५ वर्ष | ७ | १४ | २१ | ३०.८८% |
| ३६-४५ वर्ष | ६ | १३ | १९ | २७.९४% |
| ४६ भन्दा माथि | ४ | १५ | १९ | २७.९४% |
| जम्मा | २० | ४८ | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.२ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको स्थितिलाई हेर्दा सबैभन्दा कम १८-२५ वर्ष उमेर समूहका महिला ३ पुरुष ६ गरी जम्मा ९ जना (१३.२३%), सबैभन्दा बढी २६-३५ वर्ष उमेर समूहका महिला ७ र पुरुष १४ गरी जम्मा २१ जना ( ३०.८८%), ३६-४५ वर्ष उमेरका समूहमा महिला ६ र पुरुष १३ गरी जम्मा १९ जना (

२७.९४%), ४६ वर्ष भन्दा माथि महिला ४ जना र पुरुष १३ जना गरी जम्मा १९ जना (२७.९४%)रहेका पाइयो ।

## ४.५ शैक्षिक अवस्था

मानव विकासका लागि शिक्षा अति नै महत्त्वपूर्ण आधार हो । शिक्षाले नै मानिसको चातर्फी विकास गरेर जीवनलाई स्वाबलम्बी, आत्मनिर्भर र आत्मविश्वास बढाउन सार्थक भूमिका खेल्दछ । अशिक्षा नै सबै समस्याको जड भएकाले शिक्षा बिना देश विकासको कल्पना पनि गर्न सकिँदैन । संसारमा भएका विकास निर्माण तथा विभिन्न वैज्ञानिक चमत्कार शिक्षाकै कारण भएका हुन् त्यसैले शिक्षालाई हरेक क्षेत्रको आधारभूत आवश्यकता ठानिन्छ । कुनै पनि समाजको वा त्यससँग सम्बन्धित कुनै पनि वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शैक्षिक अवस्थालाई पनि प्रमुख स्थान दिनु पर्दछ । नेपालको परम्परागत रुढिवादी सोचाइका कारण छोरीलाई त झन् शिक्षा दिनुपर्छ भन्ने धारणा नै थिएन । अहिले भने दिलै भए पनि छोराछोरीलाई स्कुल पठाउनु पर्छ भन्ने सोचाइको विकास भएको पाइन्छ । यस अध्ययनमा अध्ययन क्षेत्रका उत्तरदाताहरूको शैक्षिक अवस्थाको सम्बन्धमा अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तल देखाइएको छ । यहाँ लेखपढ गर्न नसक्नेलाई निरक्षर भनी उल्लेख गरिएको छ भने सामान्य लेखपढ गर्न सक्नेलाई साक्षर भनी उल्लेख गरिएको छ ।

**तालिका ४.३**

**शैक्षिक अवस्थाको आधारमा उत्तरदाताहरू**

| शैक्षिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | ३ | १ | ४ | ५.८८% |
| साक्षर | १० | १३ | २३ | ३३.८२% |
| १-८ | ४ | २० | २४ | ३५.३०% |
| एस.एल.सी | १ | ८ | ९ | १३.२३% |
| +२ | २ | ३ | ५ | ७.३५% |
| स्नातक माथि | ० | ३ | ३ | ४.४१% |
| जम्मा | २० | ४८ | ६८ | १००% |


*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको शैक्षिक अवस्थालाई हेर्दा कत्ति पनि लेखपढ गर्न नजान्ने महिला ३ र पुरुष १ गरी जम्मा ४ जना (५.८८%), सामान्य लेखपढ गर्न जान्ने साक्षर महिला १० र पुरुष १३ गरी जम्म २३ जना (३३.८२%), कक्षा १ देखि ८ कक्षा अध्ययन गरेका महिला ४ र पुरुष २० गरी जम्मा २४ जना (३५.३०%), एस.एल.सी पास गरेका महिला १ र पुरुष ८ गरी जम्मा ९ जना (१३.२३%), +२ पास गर्ने महिला २ र पुरुष ३ गरी जम्मा ५ जना (७.३५%), त्यसैगरी स्नातकभन्दा माथि अध्ययन गर्ने पुरुष ३३ जना (४.४१%) रहेको पाइयो ।

उपरोक्त विवरणबाट के हुन्छ भने अझै पनि गाउँ समाजमा सामान्य लेखपढ गर्न नसक्ने व्यक्तिहरू र सामान्य लेखपढ गर्नै मात्र सक्ने व्यक्तिहरू उल्लेख्य मात्रामा रहेको पाइयो । जसलाई वृत्त चित्रमा देखाइएको छ ।

**साक्षरताका आधारमा**

**चित्र ४.२**




## ४.६ जातिगत अवस्था

सामाजिक अध्ययनको सिलसिलामा विभिन्न जातजातिहरूको अध्ययन गर्नु महत्त्वपूर्ण मानिन्छ । यस अध्ययन क्षेत्रमा पनि विभन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ । जातिगत अवस्थाले विभिन्न पक्षहरूलाई प्रभाव पार्ने भएकाले यस क्षेत्रमा रहेका उत्तरदाताहरूको जातिगत विवरणलाई यस प्रकार देखाइएको छ-

**तालिका ४.४**

**जातिगत आधारमा उत्तरदाताहरू**

| जातजाति | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मगर | ३१ | ४५.५८% |
| नेवार | १७ | २५% |
| ब्राह्मण | १२ | १७.६५% |
| दमाई | ४ | ५.८८% |
| भुजेल | ४ | ५.८८% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.४ अनुसार उत्तरदाताहरूको जातजाति अवस्थाको बारेमा अध्ययन गर्दा सबैभन्दा बढी मगर ३१ जना (४५.५८%), नेवार १७ जना (२५%), ब्राह्मण १२ जना (१७.६५%), दमाई ४ जना (५.८८%) र भुजेल ४ जना (५.८८%) रहेको पाइयो ।

## ४.७ धार्मिक अवस्था

कुनै पनि व्यक्ति तथा समाजको सोचाइको महत्त्वपूर्ण आधारको रूपमा उनीहरूले अवलम्बन गर्ने धर्मलाई लिन सकिन्छ। तसर्थ यस अध्ययनमा पनि अध्ययन क्षेत्रका उत्तरदाताहरूले कुन कुन धर्म मान्दै आएका छन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५**

**धर्मका आधारमा उत्तरदाताहरू**

| धर्म | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६२ | ९१.१८% |
| बौद्ध | ४ | ५.८८% |
| क्रिश्चियन | २ | २.९४% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.५ अनुसार सबैभन्दा बढी हिन्दु धर्म मान्ने मानिसहरू ६२ जना (९१.१८%), बुद्ध धर्म मान्ने ४ जना (५.८८%), क्रिश्चियन धर्म मान्ने २ जना (२.९४%) रहेको पाइयो ।

## ४.८ पारिवारिक स्वरूप

नेपाल एउटा परम्परागत संस्कृति, रीतिरिवाज, धर्म, चालचलन आदि भएको देश हो । अहिले पनि परिवार तथा समाज सञ्चालनको लागि परम्परागत सोंचबाट अगाडि बढेको पाइन्छ । पारिवारिक संरचनालाई पेसा तथा शिक्षाले पनि प्रभाव पारेको पाइन्छ । यस अध्ययन क्षेत्रका उत्तरदाताहरू कुन र कस्तो किसिमको परिवारमा बसोबास गर्दछन् भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.६**

**पारिवारिक स्वरूपको आधारमा उत्तरदाताहरू**

| परिवारको स्वरूप | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ३७ | ५४.४१% |
| संयुक्त परिवार | ३१ | ४५.५९% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.६ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरू मध्ये ३७ जना (५४.४१%) एकल परिवारमा र ३१ जना (४५.५९%) संयुक्त परिवारमा बस्ने गरेको पाइयो । उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने शिक्षा दिक्षा, बसाइँसराइँ, आर्थिक उन्नति, स्वतन्त्रता आदि कारणले गर्दा संयुक्त परिवारभन्दा एकल परिवारतर्फ व्यक्तिहरू उन्मुख भएको पाइन्छ ।

## ४.९ संयुक्त परिवारका सदस्यले गर्ने आर्थिक व्यवहार

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई संयुक्त परिवारमा बस्दा परिवारका सदस्यहरूले गर्ने आर्थिक व्यवहारको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**संयुक्त परिवारको आर्थिक व्यवहारका बारेमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कमाइ घरमुलीको हातमा हुन्छ | १६ | ५१.६१% |
| आफू आफू राखिन्छ | ११ | ३५.४८% |
| घरखर्च सबैले व्यहोर्ने गर्छन | ४ | १२.९१% |
| जम्मा | ३१ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.७ अनुसार अध्ययन क्षेत्रका संयुक्त परिवारका उत्तरदाताहरू मध्ये संयुक्त परिवारमा बस्दा परिवारका सदस्यहरूले गर्ने आर्थिक व्यवहारमा कमाई घरमुलीकै हातमा हुने १६ जना (५१.६१%) आफू आफू राख्ने ११ जना (४३.४८%), घरखर्च सबैले व्यहोर्नेमा ४ जना (१२.९१%) रहेको पाइयो। यहाँ संयुक्त परिवारमा बस्ने उत्तदाताहरू जम्मा ३१ जना रहेका छन्। यसबाट के थाहापाउन सकिन्छ भने अध्ययन क्षेत्रका उत्तदाताहरू धेरै जसो एकल परिवारमा बस्ने गरेको र बस्न रुचाउने गरेको तथा केही हदसम्म स्वतन्त्र भएको पनि पाइयो। संयुक्त परिवारमा बस्नेहरू आफूले कमाइ गरेको पनि खासै बचत हुन नसकेको, घरमुलीलाई बुझाउन पर्ने बाध्यता रहेको र घरमा मेलमिलाप र सहकार्यको भावना कमजोर रहेको पाइयो।

## ४.१० घरमुलीको अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरूको घरको मुख्य व्यक्ति को हुनुहुन्छ भन्ने सम्बन्धको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका ४.८**

**उत्तरदाताहरूको घरको मुख्य व्यक्तिहरूको विवरण**

| मुख्य व्यक्ति | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | २७ | ३९.७०% |
| पुरुष | ४१ | ६०.३०% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.८ अनुसार उत्तरदाताहरूको घरको मुख्य व्यक्ति महिला हुनुहुन्छ भन्नेहरूको सङ्ख्या २७ जना (३९.७०%) र पुरुष हुनुहुन्छ भन्नेहरूमा ४१ जना (६०.३०%) रहेको पाइयो। उरोक्त विवरणले के देखाउँछ भने संयुक्त परिवारमा प्रायः घरमुली पुरुष भएको पाइन्छ भने एकल परिवारमा श्रीमान् वैदेशिक रोजगारी वा अन्य कुनै स्थानमा जागिर, व्यापार आदि गर्न जाँदा घरमुली महिला भएको पाइयो। महिलाहरू घरमुलीको जिम्मा सम्हाल्दा धेरै कुरा बुझ्ने मौका पाएको, व्यावहारिक बनेको र उनीहरूमा सशक्तीकरण भएको पाइयो।

## ४.११ पेसागत स्थिति

मानिस बाँच्नका लागि आयआर्जन गर्नु जरुरी छ। यस्तो आयआर्जन विभिन्न पेसामा लागेर गर्न सकिन्छ। हाम्रो देश नेपाल एक अविकसित देश मानिन्छ। जहाँ पेसाको विशिष्टीकरण पाइदैन किनभने एउटा मानिसले दैनिक रूपमा एउटा काम गरेर मात्र उसको जीविकोपार्जन गर्न कठिन छ। उसले एक दिनमा धेरै किसिमका काम गर्नु पर्दछ। जस्तैः कृषिको साथमा नोकरी, ज्याला मजदुरी आदि। यसले गर्दा पनि अध्ययन क्षेत्रका उत्तरदाताले आम्दानीका लागि तथा जीविकोपार्जनका लागि के कस्ता पेसा अवलम्बन गरेका छन् भन्ने विवरणलाई तलको तालिकामा देखाइएको छ-

**तालिका ४.९**


**पेसाका आधारमा उत्तरदाता**

| पेसा | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३२ | ४७.०५% |
| नोकरी | १६ | २३.५३% |
| व्यापार | ८ | ११.७७% |
| ज्याला/मजदुरी | १२ | १७.६४% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.९ अनुसार अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूमा अधिकांश ३२ जना (४७.०७%) कृषि पेसामा संलग्न रहेको पाइयो । त्यसपछि नोकरीमा १६ जना (२३.५३%), व्यापारमा ८ जना (११.७७%) र ज्याला मजदुरीमा १२ जना (१७.६४%) रहेको पाइयो । कृषि पेसामा संलग्न ३२ जना मध्ये १० जना उत्तरदाताहरूले श्रीमान्को नामको पेन्सन लिई आर्थिक खाँचो टारी जीविकोपार्जन गरेको पाइयो । माथिको तालिकालाई स्तम्भ चित्रमा देखाइएको छ-

**चित्र ४.३**




## ४.१२ जग्गा जमिनको स्थिति

अध्ययनका क्षेत्रका उत्तरदाताहरूको आफ्नो नाममा रहेको जमिन भए नभएको अवस्थालाई तलको तालिकामा देखाइएको छ-

**तालिका ४.१०**

**उत्तदाताहरूको जग्गा जमिनको स्थिति विवरण**

| जग्गा जमिन | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | २८ | ४१.१७% |
| छैन | ४० | ५८.८३% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१० अनुसार आफ्नै नाममा जग्गा जमिन हुने उत्तदाताहरू २८ जना (४१.१७%) र आफ्नो नाममा जग्गा जमिन नहुने ४० जना (५८.८३%) रहेको पाइयो ।

## ४.१३ जग्गा जमिनको परिमाण

अध्ययनका क्षेत्रका उत्तरदाताहरूको जग्गाको परिमाणलाई तलको तालिकामा देखाइएको छ-

**तालिका ४.११**

**जग्गा जमिनको परिमाणको उत्तदाताहरू**

| जग्गा जमिन | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३ रोपनी भन्दा कम | १० | ३५.७१% |
| ३ देखि ५ रोपनीसम्म | ८ | २८.७% |
| ५ देखि १० रोपनीसम्म | ७ | २५% |
| १० रोपनी भन्दा माथि | ३ | १०.७२% |
| जम्मा | २८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.११ अनुसार ३ रोपनीभन्दा कम जग्गा हुनेमा १० जना (३५.७१%), ३ देखि ५ रोपनीसम्म जग्गा हुने ८ जना (२८.५७%), ५ देखि १० रोपनीसम्म जग्गा हुने ७ जना (२५%) र १० रोपनीभन्दा माथि जग्गा हुने ३ जना (१०.७२%) रहेको पाइयो ।

उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने यस अध्ययन क्षेत्रका उत्तरदाता मध्ये धेरै जसोलाई आफ्नो जमिनबाट खान नपुग्ने र बाहिरबाट किनेर ल्याई आफ्नो परिवार पाल्नु पर्ने देखिन्छ ।

## ४.१४ आफ्नो जग्गबाट खान पुग्ने समय

आफ्नो जग्गाबाट आएको उब्जनीले उत्तरदाताहरूलाई खान पुग्ने समयको विवरण तलको तालिकामा देखाइएको छ-

**तालिका ४.१२**

**खान पुग्ने विवरणका आधारमा उत्तदाताहरू**

| **समय** | **उत्तरदाता सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ३ देखि ६ महिना | १० | ३५.७१% |
| ६ देखि १२ महिनासम्म | १० | ३५.७१% |
| १ वर्षभन्दा माथि | ८ | २८.५८% |
| जम्मा | २८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१२ अनुसार ३ देखि ६ महिनासम्म खान पुग्ने १० जना (३५.७१%), ६ देखि १२ महिनासम्म खान पुग्ने १० जना (३५.७१%) र १ वर्षभन्दा माथि वा बढी खान पुग्ने ८ जना  (२८.५८%) रहेको पाइयो । उपरोक्त विवरणले के देखाउँछ भने आफ्नै नाममा जमिन हुने उत्तरदाताहरू जम्मा २८ जना रहेका छन् । ती मध्ये पनि १० जनालाई ६ महिना पनि खान नपुग्ने र १० जनालाई १ वर्षसम्म खान पुग्ने देखिन्छ । यसबाट के थाहापाउन सकिन्छ भने उत्तरदाताहरूको आर्थिक अवस्था निकै कमजोर भएको पाइन्छ । बाहिरबाट किनेर नल्याएसम्म जीवन धान्न धौ धौ पर्ने स्पष्ट हुन्छ ।

## ४.१५ घर परिवारसँगको सम्बन्ध

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीबाट घर परिवारसँगको सम्बन्ध बारेमा राखिएका विवरणहरू तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१३**

**वैदेशिक रोजगारीका कारण घरपरिवारसँगको सम्बन्ध**

| **विवरणहरू** | **उत्तरदाता सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| परिवारसँग मिलेर बस्ने | ५७ | ८३.८३% |
| महिला पुरुषले दोस्रो विवाह गर्ने | ६ | ८.८२% |
| श्रीमान् र श्रीमती छुट्टिएर बस्ने | १ | १.४७% |
| सम्बन्ध विच्छेद गर्ने | ४ | ५.८८% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१३ अनुसार वैदेशिक रोजगारीका कारण आफ्नो घरपरिवारसँग मिलेर बस्ने ५७ जना (८३.८३%), महिला तथा पुरुषले दोस्रो विवाह गर्ने ६ जना (८.८२%), श्रीमान् तथा श्रीमती छुट्टिएर बस्ने १ जना (१.४७%) र सम्बन्ध विच्छेद गर्ने ४ जना (५.८८%) रहेको पाइयो । उपरोक्त विवरणबाट के देखाउँछ भने जब व्यक्ति रोजगारीका लागि तेस्रो मुलुकमा जान्छ कतिपयको घर परिवारमा नै सम्बन्ध विच्छेद भएको, श्रीमतीले अर्की श्रीमती ल्याएको, श्रीमती श्रीमान् नआउँदै अर्को विवाह गरेको र कतिपय छुट्टिएर र सम्बन्ध विच्छेद गरी बसेको पाइयो ।

## ४.१६ समाज र परिवार प्रतिको हैसियत

वैदेशिक रोजगारीका कारण व्यक्तिहरूमा समाज र परिवारप्रतिको आफ्नो हैसियत के कस्तो छ भनी अध्ययन क्षेत्रका उत्तरदाताहरूको भावना वा विचारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१४**

**समाज परिवारप्रतिको हैसियतमा उत्तरदाता**

| हैसियत (स्थान) | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला पुरुषको समान हैसियत | २२ | ३२.३५% |
| पुरुषहरू माथिको हैसियत | ३३ | ४८.५३% |
| महिलाहरू माथिको हैसियत | १३ | १९.१२% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१४ अनुसार वैदेशिक रोजगारीका कारण समाज र परिवारप्रतिको हैसियत अध्ययन क्षेत्रका उत्तरदाताहरूको विचारमा महिला र पुरुषको समान खालको हैसियतमा २२ जना (३२.३५%), पुरुषहरूको हैसियत उच्च रहेको छ भन्नेमा ३३ जना (४८.५३%) र महिलाहरूको हैसियत माथि वा उच्च छ भन्न १३ जना (१९.१२%) रहेको पाइयो ।

उपरोक्त विवरणबाट के देखाउँछ भने नेपाल जस्तो पितृसतात्मक ढाँचामा रहेको देशमा वैदेशिक रोजगारीकै कारण पुरुषहरू अधिकांश बाहिर जाने हुनाले हाल परिवारमा महिलाहरूको स्थान वा हैसियत बढेको पाइन्छ । साथै महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा पनि केही हदसम्म समानता रहेको देखिन्छ ।

## ४.१७ वैदेशिक रोजगारी सम्बन्धी धारणा

अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैदेशिक रोजगारी सम्बन्धी धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१५**

**वैदेशिक रोजगारी सम्बन्धी धारणा**

| धारणा | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वैदेशिक रोजगारी ठिक हो | ४५ | ६६.१८% |
| वैदेशिक रोजगारी ठिक होइन | १५ | २२.०५% |
| थाहा छैन | ८ | ११.७७% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१५ अनुसार वैदेशिक रोजगारी सम्बन्धी धारणमा अध्ययन क्षेत्रका उत्तरदाताहरूको भनाइमा वैदेशिक रोजगारी ठिक हो भन्नेमा ४५ जना (६६.१८%), ठिक होइन भन्नेमा १५ जना (२२.०५%) र केही पनि थाहा छैन भन्नेमा ८ जना (११.७७%) रहेको पाइयो ।

उपरोक्त अध्ययन क्षेत्रका उत्तरदाताहरूको भनाइबाट के स्पष्ट हुन्छ भने हालको नेपालीहरूको बेरोजगारीको समस्याले गर्दा र जीवन निर्वाहको बाटो वैदेशिक रोजगार भएका कारणबाट वैदेशिक रोजगार वर्तमान अवस्थामा ठिक मानिन्छ भने दीर्घकालीन रूपमा हेर्ने हो भने वैदेशिक रोजगार देश विकास, देश निर्माण र आत्मनिर्भर हुन कदापि पनि ठिक हुन सक्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.१८ आम्दानीको अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई तपाईंको मासिक आम्दानी कति छ भनी गरिएको प्रश्नको जवाफमा आएको परिमाणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१६**

**मासिक आम्दानीका आधारमा उत्तरदाताको धारणा**

| आम्दानीका परिमाण (मासिक) | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छैन | ६ | ८.८२% |
| रु. १०,००० भन्दा बढी | १२ | १७.६५% |
| रु. १०,००० देखि २०,००० सम्म | २८ | ४१.१८% |
| रु. २०,००० भन्दा माथि | २२ | ३२.३५% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१६ अनुसार तपाईंको मासिक रूपमा आम्दानी कति छ भन्दा ६ जना (८.८२%)ले कत्ति पनि छैन, रु. १०,००० भन्दा कम आम्दानी हुने १२ जना (१७.६५%), रु. १०,००० देखि रु. २०,००० सम्म आम्दानी हुने २८ जना (४१.१८%) र २०,००० भन्दा माथि आम्दानी हुने २२ जना (३२.३५%) रहेको पाइयो ।

उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने वैदेशिक रोजगारीका कारण नै प्रत्येक परिवारमा थोरै भए पनि आम्दानीको बाटो भएको पाइयो ।

## ४.१९ आर्थिक विकासको अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई आर्थिक अवस्थाको बारेमा गरिएको अध्ययनअनुसार प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१७**

**आर्थिक विकासको आधारमा उत्तरदाताहरू**

| **विवरण** | **उत्तरदाता सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| जीवन निर्वाह गर्न | ३६ | ५२.९४% |
| ऋण तथा कर्जा तिर्न | १६ | २३.५३% |
| घरजग्गा खरिद गर्न | १४ | १४.५९% |
| उद्योग व्यवसाय चलाउन | २ | २.९४% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१७ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको आर्थिक विकासको आधारमा अध्ययन गर्दा वैदेशिक रोजगारीबाट जीवन निर्वाह भएको छ भन्ने उत्तरदाता मध्ये सबैभन्दा बढी ३६ जना (५२.९४%), ऋण तथा कर्जा तिर्न भएको छ भन्ने १६ जना ( २३.५३%), घरजग्गा खरिद गरिएको छ भन्नेमा १४ जना (२०.५९%) र उद्योग व्यवसाय चलाउन भन्नेमा २ जना (२.९४%) रहेको पाइयो ।

## ४.२० वैदेशिक रोजगारीमा जाने सङ्ख्या

अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैदेशिक रोजगारीमा जाने सङ्ख्या कति छ भन्ने सम्बन्धको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१८**

**वैदेशिक रोजगारीमा जाने सङ्ख्याको आधारमा उत्तरदाताहरू**

| घरधुरी सङ्ख्या | गएको दर | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| ३९ | १ | १x३९=३९ | ३६.४५% |
| २१ | २ | २x२१=४२ | ३९.२५% |
| ६ | ३ | ३x६=१८ | १६.८२% |
| २ | ४ भन्दा माथि | ४x२=८ | ७.४८% |
| जम्मा ६८ | | १०७ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१८ अनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको सङ्ख्या कति छ भन्ने क्रममा उत्तरदाताहरूको धारणामा ३९ घरधुरीबाट १-१ जना गरी जम्मा ३९ जना (३६.४५%), २१ घरधुरीबाट २-२ जनाका दरले जम्मा ४२ जना (३९.२५%), ६ घरधुरीबाट ३-३ जनाका दरले जम्मा १८ जना (१६.८२%) र २ वटा घरधुरीबाट ४ जनाभन्दा माथि गरी ८ जना (७.४८%) गरी जम्मा १०७ जना रोजगारीका लागि विदेशतिर लागेको पाइयो ।

## ४.२१ लिङ्गगत विवरण

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीमा लिङ्गत रूपमा जाने बारेमा आएको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ४.१९**

**वैदेशिक रोजगारीमा जाने लिङ्गत आधारमा उत्तरदाताहरू**

| विवरण | गएको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ११ | १०.२८% |
| पुरुष | ९६ | ८९.७२% |
| जम्मा | १०७ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ४.१९ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैदेशिक रोजगारीमा लिङ्गगत रूपमा जाने विषयमा ११ जना महिला (१०.२८%) र पुरुष ९६ जना पुरुष (८९.७२%) रहेको पाइयो ।

## ४.२२ वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरूको सङ्ख्यात्मक विश्लेषण

यस शोधपत्र स्याङ्जा जिल्ला किचनास गा.वि.स वडा नं. ९ स्थित सालडाँडा गाउँका वैदेशिक रोजगारीमा गएका जम्मा ६८ घरधुरीबाट सङ्ख्या पत्तालगाउने र वैदेशिक रोजगारीका कारण ग्रामीण जीवनमा सामाजिक तथा आर्थिक रूपान्तरण पहिचान गर्नु जस्ता उद्देश्यमा आधारित रहेर तयार पारिएको छ । ६८ घरधुरीका घरमुलीहरू (महिला र पुरुष)ले दिएको जानकारीअनुसार जम्मा १०७ जना व्यक्तिहरू वैदेशिक रोजगारीको सिलसिलामा

गएको पाइन्छ। त्यसमा ३९ घरधुरीबाट १-१ जना दरले जम्मा ३९ जना (३६.४५%), २१ घरधुरीबाट २-२ जनाका दरले ४२ जना (३९.२५%) ६ घरधुरीबाट ३-३ जनाका दरले १८ जना (१६.८२%) र २ घरबाट ४ वा ४ भन्दा माथि गरी ८ जना (७.४८%) गएको पाइयो।

उक्त विवरणअनुसार जम्मा १०७ जना व्यक्तिहरू मध्ये वैदेशिक रोजगारीमा गएका महिलाको सङ्ख्या ११ जना (१०.२८%) र पुरुषको सङ्ख्या ९६ जना (८९.७२%) रहेको पाइन्छ। त्यसमा पनि कतारमा २९ जना (२७.१०%), साउदी अरबमा २७ जना (२५.२३%), भारतमा १६ जना (१४.९५%), दुबईमा ९ जना (८.४२%), मलेसियामा ८ जना (७.४८%), संयुक्त राज्य अमेरिकामा ६ जना (५.६०%), जापानमा ४ जना (३.७४%), दक्षिण कोरियामा ४ जना (३.७४%) अष्ट्रेलियामा ३ जना (२.८०%) र कुवेतमा १ जना गएको पाइयो।

उत्तरदाताहरूको जानकारीअनुसार ३ जना लामो समयदेखि घर नफर्किएका, २ जनाको विदेशमा नै मृत्यु भएको ४ जनाको घर परिवारसँग कुनै पनि सम्पर्क नभएको पाइयो।

त्यसै गरी अध्ययन क्षेत्रका उत्तरदाताहरूको पारिवारिक सङ्ख्या हेर्दा महिला ५१.८५ प्रतिशत, पुरुष ४८.१५ प्रतिशत, शैक्षिक अवस्थामा निरक्षर ५.८८ र साक्षर ९४.१२ प्रतिशत, धर्ममा ९१.१८ प्रतिशत हिन्दु र अन्य वौद्ध तथा इस्लाम धर्मावलम्बीहरू भेटियो। घरमुलीमा महिलाभन्दा पुरुष नै बढी रहेको पाइयो भने वर्षभरि खान पुग्ने भन्दा खान नपुग्ने जनसङ्ख्या बढी देखियो। वैदेशिक रोजगारमि जाने सङ्ख्यामा पुरुषको तुलनामा महिला नगन्य अवस्थामा अर्थात् १०.२८ प्रतिशत मात्र भेटियो।

# अध्याय पाँच
# जीवनस्तरमा पारेको परिवर्तनको विश्लेषण

नेपाल विश्वमा एक सानो र भूपरिवेष्ठित देश हो । स्रोत र साधनको उचित प्रयोग र परिचालन हुन नसक्दा यो देश अविकसित राष्ट्रको रूपमा स्थापित छ । नेपालमा पर्याप्त उद्योधन्दा, कलकारखाना नहुनाको कारण नै नेपालीहरू विभिन्न बाहनामा विदेशिन बाध्य छन् । कोही उच्च शिक्षा अध्ययनका लागि, कोही वैदेशिक रोजगारीका लागि, तथा शान्ति स्थापनाका लागि त कोही व्यापार तथा स्थायी बसोबासका लागि विदेशिएको पाइन्छ । वार्षिक लाखौंको विप्रेषण भित्र्याउने वैदेशिक रोजगार नेपालको चरम बेरोजगारी र गरिबी घटाउने प्रमुख माध्यम बनेको छ भने उक्त वैदेशिक रोजगारीकै कारण रोजगारीमा संलग्न परिवारहरूको जीवनस्तरमा परिवर्तनहरू भएको पाइन्छ ।

वैदेशिक रोजगारीकै कारण विगतमा गाउँघरमा अर्काको भरमा बाँच्ने, श्रम बेचेर जीविकोपार्जन गर्ने, आफ्ना बालबच्चालाई शिक्षाबाट बञ्चित गराउने तथा दिएमा पनि सामान्य खालको आधारभूत शिक्षा दिने, आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुने, एक छाक खान र एकसरो लगाउन धौ धौ हुने, आफ्नो जमिनमा छाप्रो बनाएर शरीर ओत्न नसक्ने नेपालीहरू आज वैदेशिक रोजगारीकै कारण आफ्नो जीवन पद्धतिमा निकै परिवर्तन भएको पाइन्छ। कयौं परिवारहरूको आर्थिक रूपमा उन्नति भएको छ। खान र लगाउनका समस्याहरू दूर भएका छन् भने वैदेशिक रोजगारीबाट भित्रिएको विप्रेषणबाट कुखुरापालन, बाखापालन, बङ्गुरपालन, गाईपालन जस्ता आयमूलक कार्य गरी स्थानीयस्तरमा रोजगारीसमेत प्रदान गरेको पाइन्छ। आफ्ना बालबच्चाहरूलाई निजी विद्यालयमा पढाउने, टेक्निकल विषयहरूमा अध्ययन गराउने जस्ता क्रियाकलापहरू पनि भएको पाइन्छ भने समाजमा परिवारको मानमर्यादा, प्रतिष्ठा, हैसियतमा वृद्धि, साथीसँगी र इष्टमित्रको नजरमा निकट भएको पाइन्छ । हिजोको अवस्थामा खुला दिसा मुक्त समाज घोषणा गरी आधुनिक र पक्की शौचालयहरू निर्माण भएका छन् । सरसफाई र नुहान व्यवस्थित नुहाउने कोठा तथा धाराहरूको व्यवस्था भएको पाइन्छ ।

त्यसैगरी वैदेशिक रोजगारीकै कारण घर परिवारमा सामाजिक एकता कायम गर्ने, सामाजिक कार्यमा संलग्न हुने आफ्नो संस्कार र संस्कृतिकाअनुसारका पोशाकमा कुनै पनि मेला, पर्व, उत्सवमा सहभागी हुने, आफ्नो संस्कृति जोगाउन एकजुट भई कार्ययोजना तयार गर्ने, चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता क्रियाकलापहरू पनि हुन थालेको पाइन्छ । त्यस्तो व्यवस्थित र मापदण्डअनुसारको घर निर्माण, बाटोघाटो निर्माणहरू पनि हुँदै आएका छन् भने छोराछोरीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भई समानता देखिएको, जातीय विभेदका स्वरहरू क्रमशः घट्दै गएको पाइन्छ । त्यसै गरी समाज सानो परिवारमा रूपान्तरण भएको, वैवाहिक उमेरमा परिपक्वता आएको, एकल परिवारको निर्माणमा अघि बढेको पाइन्छ । अर्कोतर्फ विदेशी संस्कृतिहरू भित्रिरहेको, खर्चमा वृद्धि भएको, परनिर्भरता बढेको, विदेशी नक्कलमा वृद्धि भएको, खानपान, चालचलन र लत्ताकपडामा परिवर्तन आएको पनि पाइन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरू कै भनाइमा वैदेशिक रोजगारीकै कारण गाउँघरको जमिन बाँझो बन्दै गएको छ भने वृद्ध बाबुआमाहरू बेसहारा बन्दै गएको पाइन्छ । श्रीमान् श्रीमती बिच सम्बन्ध बिग्रिएको, सम्बन्ध विच्छेदका घटनाहरू बढेको, बहु विवाहका मुद्दाहरू बढेको, सम्पत्ति हिनामिना भएको, अन्तरजातीय विवाहमा वृद्धि भएको, परम्परागत संस्कार र तौडतरिकमा परिवर्तन भएका जस्ता कुराहरू पनि वैदेशिक रोजगारीमा संलग्न घरपरिवारमा पाइन्छ ।

## ५.१ समाज रूपान्तरणमा संलग्नता

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई समाज रूपान्तरण गर्न सामाजिक क्रियाकलापमा संलग्न हुनु हुन्छ कि हुनु हुन्न भन्ने प्रश्नको जवाफमा आएको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ५.१**

**समाज रूपान्तरणको लागि सामाजिक क्रियाकलापमा संलग्नताका आधारमा**

| सामाजिक क्रियाकलापमा संलग्न | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| संलग्न छु | ४६ | ६७.६५% |
| संलग्न छैन | १२ | १७.६५% |
| थाहा छैन | १० | १४.७०% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.१ अनुसार अध्ययन गर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरूको समाज रूपान्तरणको लागि सामाजिक क्रियाकलापमा रहेको संलग्नता सम्बन्धी पक्षको अध्ययन गर्दा संलग्न छु भन्नेहरूको सङ्ख्या सबैभन्दा बढी ४६ जना (६७.६५%), संलग्न छैन भन्नेमा १२ जना (१७.६५%) र त्यस सम्बन्धी केही पनि थाहा छैन भन्नेहरूमा १० जना ( १०.७०%) रहेको पाइयो ।

## ५.२ वैदेशिक रोजगारीमा जानुका कारणहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीमा जानका लागि बाध्यात्मक कारणहरू बारेमा गरिएको अध्ययनअनुसार प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ५.२**

**वैदेशिक रोजगारीका बाध्यात्मक कारणहरूका आधारमा उत्तरदाताहरू**

| बाध्यात्मक कारणहरू | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बेरोजगारी | ३४ | ५०% |
| भौतिक असुविधा | ४ | ५.८८% |
| ऋणका कारण | २० | २९.४१% |
| खर्चमा वृद्धि | ८ | ११.७६% |
| असुरक्षा | २ | २.९५% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.२ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैदेशिक रोजगारीमा जानका बाध्यात्मक कारणहरूको बारेमा अध्ययन गर्दा बेरोजगारीका कारणमा ३४ जना (५०%), भौतिक असुविधाका कारणमा ४ जना (५.८८%), ऋणका कारण २० जना (२९.४१%), खर्च वृद्धिका कारण ८ जना (११.७६%) र असुरक्षाका कारण २ जना (२.९५%) रहेको पाइयो ।

उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने नेपाली युवाहरू वैदेशिक रोजगारीमा जानुका विविध बाध्यात्मक कारणहरू छन् । जसले नेपालका युवा शक्ति विदेशतिर पलायन

हुनुपर्ने बाध्यता छ। धेरै भन्दा व्यक्तिहरू बेरोजगारीका कारण वैदेशिक रोजगारीमा गएको पाइन्छ भने केही व्यक्तिहरू भौतिक सुविधाका लागि, खर्च दिन प्रतिदिन वृद्धि हुनाले, ऋणको बोझ थेग्न नसक्नाले र कतिपय असुरक्षाका कारणबाट पनि विदेश पलायन हुनुपर्ने बाध्यात्मक परिस्थिति देखिन्छ।

## ५.३ वैदेशिक रोजगारीका आकर्षणका कारणहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीका आकर्षणका कारणहरूको बारेमा गरिएको अध्ययनअनुसार प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ५.३**

**वैदेशिक रोजगारीका आकर्षणका कारणहरूमा उत्तरदाताहरू**

| आकर्षणका कारणहरू | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| काम पाउन सजिलो | २७ | ३९.७०% |
| मित्रता तथा परिचयका कारण | ९ | १३.२४% |
| राम्रो कमाइ र तलब | २३ | ३३.८२% |
| थोरै लगानीबाट धेरै आम्दानी | ९ | १३.२४% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैदेशिक रोजगारीका लागि आकर्षणका कारणहरूमा अध्ययन क्षेत्रका उत्तरदाताहरूको जिज्ञासामा काम पाउन सजिलोमा २७ जना (३९.७०%), मित्रता तथा परिचयका कारणमा ९ जना (१३.२४%), राम्रो कमाइ तथा तलब कारणमा २३ जना (३३.८२%) र थोरै लगानीबाट धेरै आम्दानीमा ९ जना (१३.२४%) रहेको पाइयो। उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने वैदेशिक रोजगारीका आकर्षणका कारणहरू पनि छन्। नेपाल एउटा आर्थिक रूपमा गरिब र अविकसित राष्ट्र भएका कारणले बेरोजगारी समस्या दिन प्रतिदिन बढ्दै गएको अवस्थामा वैदेशिक रोजगारीका विभिन्न अवसरहरू पनि हाम्रा सामु विद्यमान छन्। वैदेशिक रोजगारीले नेपाली युवाहरूलाई विभिन्न तत्त्वहरूले आकर्षण गरिरहेको छ। हाल दक्ष, अर्ध दक्ष र अदक्ष कामदारले पनि सजिलै काम पाउने अवस्था छ भने अर्कातिर कम लगानीमा बढी आम्दानी, राम्रो तलब र विभिन्न व्यक्ति तथा राष्ट्रसँगको मित्रताका कारण पनि वैदेशिक रोजगारीको महत्त्वपूर्ण स्थान रही आएको स्पष्ट हुन्छ।

**वैयक्तिक अध्ययन १**

*वि.सं. २०३३ सालमा भारतको सिलोङमा जन्मेर पाँच वर्षको उमेरमा आफ्नो पुर्ख्यौली घर स्याङ्जा जिल्लाको किचनास गा.वि.स वडा नं.९ सालडाँडामा आएको म ठुलो परिवारको जेठो छोरो भएका कारण नि.मा.वि सम्मको मात्र शिक्षा पाएको हुँ । आफ्नो पढाइ स्थगित गरी गाउँकै एक जना दाजुसँग वि.सं. २०४८ सालमा भारतको पन्जाव तिर लागें । त्यहाँ मैले होटेलमा भाँडा धुने काम गर्दै पछि वेटर (Waiter) को काम सम्हाल्दै आएँ । घरमा आउने जाने गर्दै वि.सं २०५७ सालमा विवाह बन्धनमा बाधिई दुई ओटा छोराको जन्म भएको थियो । आफ्नो जिम्मेवारी बढेपछि वि.सं. २०६१ सालमा म वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरब जाने मौका पाएँ । त्यहाँ मैले टेलिकम अफिसमा काम गर्ने, काम सिक्ने मौका पनि पाएँ । करिब तिन वर्षको कार्यकालपछि फेरि कतारमा रोजगारीका लागि गएँ । टेलिकम सम्बन्धी काम जानेकाले करिब पाँच वर्ष कतारमा काम गरेपछि मैले नेपाली रु. करिब पैतिस लाख कमाउन सफल भएँ । उक्त रकमबाट मैले गाउँको विद्यालय नजिकै रहेको घर र पसल किनें भने रूपन्देहीमा दुई कट्ठा जमिन पनि किनें । हाल मेरा दुई छोराहरू बोर्डिङ स्कुलबाट निकाली सरकारी विद्यालयमा भर्ना गरेको छु । मसँग केही पैसा पनि बाँकी छ । हिजोको अवस्था अति नाजुक र दयनीय भएता पनि वैदेशिक रोजगारीकै कारण मेरो आर्थिक अवस्थामा सुधार भई आफ्नो दैनिकी राम्रैसँग चलाएको छु । साथै हिजोको अवस्थामा गाउँ समाजले हेर्ने दृष्टिकोण र अहिले हेर्ने दृष्टिकोणमा निकै फरक छ । मेरो सामाजिक हैसियत पनि केही सबल रहेको छ ।*

## ५.४ वैदेशिक रोजगारीले पारेको सामाजिक प्रभाव

समाज परिवर्तनशील छ। समय र परिस्थितिअनुसार समाजलाई विविध क्रियाकलापले प्रभाव पारेको हुन्छ। आर्थिक क्रियाकलाप पनि समाज परिवर्तन गराउने एउटा महत्त्वपूर्ण पक्ष हो। वैदेशिक रोजगारीले गर्दा नेपाली समाज पहिलेको भन्दा निकै परिवर्तन र परिमार्जन भएको पाइन्छ। समाजमा हरेक सामाजिक क्रियाकलापहरू सञ्चालन भइरहेका हुन्छन्। मानिसमा आर्थिक पक्ष जति मजबुद र बलियो भयो त्यसले मानिसका हरेक क्रियाकलापम प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ। मानिसका इच्छा र आकङ्क्षाहरू असीमित हुन्छन्। जसलाई पुरा गर्ने भनेको एउटा पक्ष भनेकै आर्थिक पक्ष हो जसलाई तलको तालिकाबाट स्पष्ट पार्न खोजिएको छ -

**तालिका ५.४**

**वैदेशिक रोजगारीका कारण जातीय विभेदका आधारमा उत्तरदाताहरू**

| जातीय विभेद | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ३८ | ५५.८८% |
| छैन | २२ | ३२.३५% |
| थाहा छैन | ८ | ११.७७% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.४ अनुसार वैदेशिक रोजगारीका कारण समाजमा जातीय विभेद कस्तो छ भनी गरिएको प्रश्नको जवाफमा जातीय विभेद छ भन्ने उत्तरदाताहरू ३८ जना ( ५५.८८%), जातीय विभेद छैन भन्नेहरूमा २२ जना (३२.३५%) र केही पनि थाहा छैन भन्नेमा ८ जना (११.७७%) रहेको पाइयो। उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने शिक्षित देश प्रदेश गरेका र केही बुझेका व्यक्तिहरूमा चेतनाको विकास भएको र जातीय विभेद गर्नु हुन्न र हुनु हुँदैन भन्ने पक्षमा रहेको पाइन्छ भने केही पुरातन सोचाइ भएका आफूलाई उपल्ला जाति ठान्ने र परम्परागत सोचाइ राख्नेहरू जातीय विभेद हुनुपर्छ। सबै जातजाति एकै होइनन् र हुनु पनि हुँदैन भन्ने पक्षमा आफ्नो मत जायर गरेको पाइन्छ।

## ५.५ लैङ्गिक अवधारणा

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारी पश्चात् समाजमा लैङ्गिक धारणा वा महिला र पुरुष बिचको सामाजिक विभेद कस्तो छ भनी राखिएको जिज्ञासाबाट प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ५.५**

**लैङ्गिक धारणाको आधारमा उत्तरदाताहरू**

| लैङ्गिक आधारमा विभेद | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ४४ | ६४.७०% |
| छैन | २० | २९.४१% |
| थाहा छैन | ४ | ५.८९% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.५ अनुसार अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूमा समाजमा लैङ्गिक आधारमा विभेद छ भन्नेमा ४४ जना (६४.७०%), विभेद छैन भन्नेहरूमा २ जना (२९.४१%) र थाहा छैन भन्नेमा ४ जना (५.८९%) रहेको पाइयो ।

**वैयक्तिक अध्ययन २**

*स्याङ्जा जिल्ला किचनास गा.वि.स वडा नं. ९ जामुने बस्ने वर्ष ४५ की खुममाया थापा वैदेशिक रोजगारीका लागि भारतको पञ्जावमा जाने एक गरिब महिला हुँ । मेरा दुई छोरा दुई छोरी र एक श्रीमान् छन् । श्रीमान् स्थानीय विद्यालयमा मासिक रु. ३,५००।- पाउने गरी कार्यालय सहयोगी (परिचर) को जागिर गर्नुहुन्छ । आम्दानीको बाटो अति न्युन भएका कारण घर परिवार चलाउन अति अफठ्यारो परेकाले मैले मुक्तिनाथ विकास बैंकको लघुवित्त कार्यक्रमअर्न्तगत रु. एक लाख कर्जा लिई पसल गरेँ र उक्त पसल पनि घरखर्च चलाउँदा बन्द गर्नुपर्ने बाध्यता भएकाले पसल पनि सुक्यो । बैंकले साँवा र व्याज तिर्न बारम्बार ताकेता गरेको उक्त ऋण तिर्न नसकेपछि गाउँको आमा समूहको रकमबाट गाउँ समाज बसी ऋण तिरिदिएको र म मानव भएर समाजमा जीउन साह्रै अफठ्यारो परेकाले आफ्नो एक जना भिनाजु पर्ने इष्टमित्रसँग भारतको पञ्जावमा केही काम गर्ने र ऋण तिर्ने सपना बोकेर भारत लागेँ । पञ्जावमा होटलमा भाँडा धुने काम गरेँ र केही पैसा घरमा पठाई दिएँ । भारतमा विभिन्न समस्या र अवरोध भएका कारण घरपरिवारसँग सम्पर्कपछि विच्छेद भएको करिब डेड वर्षपछि एउटा स्कुल नजिकै नास्ता बनाउने क्यान्टिनमा काम गरेँ र बाँच्ने बाटो अपनाएँ भन्दै उहाँ आफ्नो पीडा पोख्नुहुन्छ । गाउँघरमा अनेक कुरा काटेको, विभिन्न आरोपहरू लगाई आफ्नो इज्जतमाथि नकारात्मक प्रचारप्रसार गरेको, आफ्ना छोराछोरीसमेत पढ्नबाट वञ्चित भई भौतारिँदै गाउँ समाजमा डुलेको घटनाले मलाई अति पीडा त थप्यो नै । अब यहाँ बसेर केही पनि छैन भन्दै गएको चार वर्ष पछि म घरमा फर्किएँ । घरमा बस्ने राम्रो बास थिएन । छोराछोरी र श्रीमान् एउटा चिमले बारेको टिनको पाताले ढाकेको झुप्रोमा जीवन काटिरहेका थिए । मसँग रु. पचास हजार जति थियो । छोरी ज्वाईंले सहयोग गरेर एक तले तिन ओटा कोठा भएको बस्ने बास भर्खरै निर्माण गरिएको छ । विदेश गएर पनि केही भएन । आमा समूहको ऋण पनि तिर्न सकिएको छैन । अब यहीँ बसेर केही न केही गरी परिवार पाल्ने र शिक्षा दिने विचार छ ।*

## ५.६ लैङ्गिक विभेदसम्बन्धी धारणा

अध्ययन क्षेत्रका उत्तरदाताहरूको लैङ्गिक विभेद सम्बन्धी धारणाको लागि जिज्ञासा राख्दा निम्नअनुसारको जवाफ आएको परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ-

**तालिका ५.६**

**लैङ्गिक विभेदसम्बन्धी धाराणाको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| लैङ्गिक विभेद गर्नु ठिक हो | १२ | १७.६५% |
| लैङ्गिक विभेद गर्नु ठिक होइन | ४४ | ६४.७०% |
| थाहा छैन | १२ | १७.६५% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.६ बाट अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूमा अधिकांश व्यक्तिहरू लैङ्गिक रूपमा विभेद गर्नु ठिक होइन भन्नेमा ४४ जना (६४.७०%), लैङ्गिक विभेद गर्नु ठिक हो भन्नेहरूमा १२ जना (१७.६५%) र थाहा छैन भन्नेमा पनि १२ जना (१७.६५%) रहेको पाइयो ।

## ५.७ सामाजिक परिवर्तनको अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई तपाईको परिवारमा शौचालय र नुहाउने कक्ष छ कि छैन भनि सोधिएको प्रश्नको जवाफमा आएको परिणाम लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७**

**शौचालय र नुहाउने कक्षको आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शौचालय र नुहाउने कक्ष भएको | २६ | ३८.२४% |
| शौचालय मात्र भएको | ३९ | ५७.३५% |
| दुवै नभएको | ०३ | ४.४१% |
| जम्मा | ६८ | १०० % |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.७ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको तपाइको घरमा शौचालय र नुहाउने कक्ष छ भन्ने उत्तरदातामा २६ जना (३८.२४%) , शौचालय मात्र छ भन्नेमा ३९ जना (५७.३५%) र शौचलय र नुहाउने कक्ष छैन भन्नेमा ३ जना (४.४१%) रहेको पाइयो

उपरोक्त विवरणबाट के स्पष्ट हुन्छ भने आजभन्दा १० वर्ष अगाडी खुल्ला दिशा पिसा गर्ने ठाउँमा अहिले वैदेशिक रोजगारीको आम्दानी र शिक्षा तथा जनचेतनाको कारण प्राय सवै घरमा शौचालयको व्यवस्था भएको पाइयो भने कतिपयले खुल्ला धारा पँधेरामा नुहाउने प्रचलनलाई समेत निरुत्साहित गर्दै सुरक्षित नुहाउने कोठा समेत निर्माण गरेको पाइयो धेरै पक्षमा परिवर्तन ल्याउन आर्थिक पक्षको र जनचेतनाको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

## ५.८ समाजमा आएको परिवर्तन

समाज परिवर्तनसिल छ । कुनै परिवर्तन हरू स्वतः हुन्छन भने कुनै परिवर्तनहरू योजनावद्ध रूपमा भएका हुन्छन् । अहिलेको समाज पहिला वा केहि समय अगाडीको जस्तो छैन । समाजमा परम्परादेखी मान्दै र गर्दै आएका कतिपय संस्कारहरू जस्तै जन्म, पास्नी, व्रतवन्ध, विवाह, मृत्यु तथा काजकिरीया आदिमा समय अन्तरालमा परिवर्तन र परिमार्जन हुँदै आएको पाइन्छ जसलाई तलको तालिकाबाट पनि स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५.८**

**समाजमा आएको परिवर्तनको आधारमा उत्तरदाताहरू**

| **विवरण** | **उत्तरदाता सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| जन्म,पास्नी,विवाह,मृत्यु र काजकिरीया आदि संस्कारमा पहिला र अहिले मा परिवर्तन छ । | ५६ | ८२.३६% |
| यी संस्कारमा परिवर्तन भएको छैन । | ०६ | ८.८२% |
| थाह छैन । | ०६ | ८.८२% |
| जम्मा | ६८ | १०० % |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.८ अनुसार अपाइको गाउँ समाजमा जन्म, पास्नी, ब्रतवन्ध, विवाह, मृत्यु आदिको बारेमा पहिला र अहिले परिवर्तन छ भनी सोधिएको प्रश्नको जवाफमा परिवर्तन छ भन्नेमा ५६ जना (८२.३६%), परिवर्तन छैन भन्नेमा ६ जना (८.८२%) र मलाई कहि थाहा छैन भन्ने उत्तरदातामा ६ जना (८.८२%) रहेको पाइयो ।

यस अध्ययनबाट के स्पष्ट हुन्छ भने आफ्नो पुरानो संस्कार र रितिरीवाज हरू पहिला जस्तो नभएर परिवर्तन भएको छ। भन्ने जिज्ञासामा अत्यधिक वहुमत पाईयो भने परिवर्तन भएको छैन र मलाई थाह छैन भन्नेमा सिमीत उत्तरदाता हरू भेटिए। यसबाट समाज परिवर्तन शील छ भन्न सकिन्छ ।

**वैयक्तिक अध्ययन : ३**

*स्याङ्जा जिल्ला किचनास गा.वि.स.वडा नं. ९ सालडाँडामा जन्मघर र स्याङ्जा जिल्ला टक्सार खलङ्गा ६ मा कर्मघर भएकी म अहिले ४० वर्ष भएँ। वि.सं. २०५९ सालमा विवाह भएर एक छोराको जन्म भयो। मेरो श्रीमानले अर्को विवाह भएपछि मेरो र श्रीमान्को सम्बन्ध बिग्रदैं गयो। म प्रति जिम्मेवारी नदेखाएपछि म माइती घरमा बस्न थाले र छोरालाई पढाउँदै थिए। आखिर मेरो श्रीमान् सँग जीवन नजाने ठहर गरी बैदेशिक रोजगारीमा जाने निधो गरे सोही अनुरूप खाडी मुलुक दुवैमा २०६८ सालमा जाने काम गरे। तीन वर्ष विताए पछि माइती घरमा फर्किए। मेरो श्रीमान्ले छोरा पनि आफूले लगेर मलाई एउटा असाहय र एकल महिलाको रूपमा स्थापित गराए। म पुनः त्यही कम्पनिमा काम गर्न गए। अहिले म दोस्रो पटक छुट्टीमा घरमा आएकी छु। मेरो कमाई गरेको पैसाले चितवनको टाँडीमा केही जग्गा किनेकी छु भने त्यही पैसा बैंकको मुद्दती खातामा राखेकी छु। उक्त रकमबाट घर बनाउने र पसल गरेर बस्ने मेरो मनासय । श्रीमान्बाट तिरस्कृत भए पनि आफ्नो जीवन विताउन वैदेशिक रोजगारीमा गई आफ्नो जीवन निर्वाह हुने रकम कमाएकी छु र अब मेरो पुनः विवाह गर्ने कुनै मनसाय छैन। माइतीको रेखदेखमा केहि व्यापार गरेर जीवन गुजार्ने सोँच राखेकी छु। महिलामा पनि हिम्मत र आँट भएमा कसैको साहारमा बाँच्नु पर्दैन जे होस् आफ्नो इज्जतमा दाग लाग्न नदिए पछि जो कोहिले जे सुकै कुरा गरेपनि केहि हुँदैन। त्यसैले जो कोही महिला साहस र आँटका साथ बाँच्न सिकौं भन्न चाहान्छु।*

## ५.९ जीवन पद्धतिमा परिवर्तन

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई आजभोली तपाइको जीवन पद्धति जस्तै लाउने, खाने, वस्ने, सम्बन्ध गास्ने, व्यवहार गर्ने आदि जस्ता क्रियाकलापमा परिवर्तन आएको छ भनी गरिएको प्रश्नको जवाफमा आएको परिणाम लाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५.९**

**जीवन पद्धतिमा परिवर्तन आएको प्रति उत्तरदाताहरूको धारणा**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिसत |
|---|---|---|
| परिवर्तन आएको छ | ६२ | ९१.१८% |
| परिवर्तन आएको छैन | - | - |
| थाह छैन | ६ | ८.८२% |
| जम्मा | ६८ | १०० % |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.९ अनुसार घरपरिवारको जीवन पद्धतिमा वैदेशिक रोजगारीकै कारण परिवर्तन भएको छ भन्नेमा ६२ जना (९१.१८%) थाह छैन भन्नेमा ६ जना (८.८२%) र परिवर्तन आएको छैन भन्नेमा कोहि पनि नभएको पाइयो ।

## ५.१० विद्यालय शिक्षाको अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई तपाइका वालवच्चाहरू कस्तो विद्यालयमा पढाउँदै आउनु भएको छ भनी जिज्ञासा राख्दा प्राप्त विवरण लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१०**

**वालवालिकाहरूलाई शिक्षा दिने संस्थाका आधारमा उत्तरदाताहरू**

| शैक्षिक संस्था | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी तथा सामुदायिक विद्यालय | ३१ | ४५.५९% |
| बोर्डिङ्ग तथा संस्थागत विद्यालय | २५ | ३६.७६% |
| सामुदायिक र संस्थागत विद्यालय | १२ | १७.६५ % |
| जम्मा | ६८ | १०० % |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.१० का अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूमध्ये आफ्ना वालवच्चाहरूलाई सरकारी तथा सामुदायिक विद्यालयहरूमा पढाउने ३१ जना (४५.५९%)

वोर्डिङ्ग तथा संस्थागत विद्यालयमा पढाउने ३२ जना (३६.७६%) संस्थागत र सरकारी दुवै विद्यालयमा पढाउने १२ जना (१७.६५%) रहेको  पाइयो ।

## ५.११ वैदेशिक रोजगारीका सकारात्मक पक्षहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीका सम्बन्धमा एक एक वटा सकरात्मक पक्षहरू भन्नुस भन्ने प्रश्नको जवाफमा प्राप्त विवरण लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.११**

**सकरात्मक पक्षका आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक उन्नति हुन्छ । | १५ | २२.०५% |
| गरीवी घट्छ । | १५ | २२.०५% |
| आधारभुत आवश्यकता पूर्ति हुन्छ | १० | १४.७१ % |
| वेरोजगारी समस्या हल हुन्छ । | २८ | ४१.१०% |
| जम्मा | ६८ | १०० % |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.११ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरू मध्ये आर्थिक उन्नति हुन्छ भननेमा १५ जना (२२.०५%) गरीवी घट्छ भन्नेमा १५ जना (२२.०५%) आधारभुत आवश्यकता पूर्ति हुन्छ भन्नेमा १० जना (१४.७१%) र बेरोजगारी समस्या हल हुन्छ भन्नेमा सवैभन्दा बढि २८ जना (४१.१९%) रहेको पाइयो ।

उपरोक्त विवरणले के देखाउछ भने वैदेशिक रोजगारीका सकरात्मक पक्षहरू धेरै छन् । जसले नेपालीको आर्थिक अवस्था सुधार हुने, गरीवीपना घट्ने आफ्ना आधारभुत आवश्यकता हरू परिपूर्ति हुने र सवैभन्दा बढि वेरोजगारी समस्या हल हुने देखिन्छ । यदि वैदेशिक रोजगारी वन्द भएको खण्डमा धेरै समस्या हरू आइपर्ने समेत देखिन्छ ।

## ५.१२ वैदेशिक रोजगारीका नकरात्मक पक्षहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीका सम्बन्धमा एक एक वटा नकरात्मक प्रश्नको जवाफमा प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२**

**नकरात्मक पक्षका आधारमा उत्तरदाताहरू**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वसाइसराई बढ्ने | ३२ | ४७.०६% |
| युवा शक्ति विदेश पलायन हुने | १४ | २०.५९% |
| देश विकासमा वाधा पुग्ने | १२ | १७.६४ % |
| फजुल खर्चमा वृद्धि हुने | १० | १४.७१ % |
| जम्मा | ६८ | १०० % |

स्रोत : स्थलगत अध्ययन २०७३

तालिका ५.१२ अनुसार उत्तरदाताहरूको वैदेशिक रोजगारीका नकरात्मक पक्षहरूको वारेमा अध्ययन गर्दा सवभन्दा वढि वसाइसराइ हुन्छ भन्नेमा ३२ जना (४७.०६%), युवा शक्ति विदेश पलायन हुन्छ भन्नेमा १४ जना (२०.५९%) देश विकासमा बाधा पुग्छ भन्नेमा १२ जना (१७.६४%) र फजुल खर्चमा वृद्धि हुन्छ भन्नेमा १० जना (१४.७१%) रहेको पाइयो ।

## ५.१३ वैदेशिक रोजगारीलाई हेर्ने दृष्टिकोण

अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई वैदेशिक रोजगारीलाई हेर्ने दृष्टिकोण बारेमा आएको विवरणलाई तलको तालिकामा देखाइएको छ-

**तालिका ५.१३**

**वैदेशिक रोजगारीलाई हेरिने दृष्टिकोणमा उत्तदाताहरू**

| हेरिने दृष्टिकोण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ४२ | ६१.७५% |
| नकारात्मक | १२ | १७.६६% |
| थाहा छैन | १४ | २०.५९% |
| जम्मा | ६८ | १००% |

*स्रोत : स्थलगत अध्ययन २०७३*

तालिका ५.१३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको वैदेशिक रोजगारीलाई हेर्ने दृष्टिकोणमा सकारात्मक छ भन्नेमा ४२ जना (६१.७५%), नकारात्मक छ भन्नेमा १२ जना (१७.६६%) र केही पनि थाहा छैन भन्नेमा १४ जना (२०.५९%) रहेको पाइयो ।

उपरोक्त विवरणबाट के देखाउँछ भने धैरै जसो उत्तरदाताको भनाइमा वैदेशिक रोजगारीमा गएर आर्थिक उन्नति गर्नु र रोजगारीको अवसर प्राप्त गर्नु सकारात्मक पक्ष हो भन्ने देखिन्छ । केही उत्तरदाताहरू अरुको देशमा गएर काम गरी आफ्नो रगत र पसिना अर्काको भूमिका बगाउनु नकारात्मक दृष्टिकोण हो भनी आफ्नो विचार व्यक्त गरेको पाइन्छ । साथै केही व्यक्तिहरू यी दुबै कुरामा अन्जान रहेको समेत स्पष्ट हुन्छ ।

वैदेशिक रोजगारीले समाज रूपान्तरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । विदेश नै जानु पर्ने नेपालीहरूको वाध्यात्मक कारणहरू पनि छन् । जसमा बेरोजगारी, भौतिक असुविधा, ऋण, खर्चमा वृद्धि र असुरक्षा जस्ता कारणहरू आउँदछन् भने यसका आकर्षकका कारणमा काम पाउन सजिलो, थोरै लगानीबाट धैरै फाइदा, मित्रता बढ्ने आदि जस्ता कुराहरू समेटिएको पाइयो । त्सै गरी सामाजिक प्रभावमा जातिय तथा लैङ्गिक विभेद केही मात्रामा रहेको, जातीय तथा लैङ्गिक विभेद गर्नु ठिक होइन भन्नेको संख्यामा वृद्धि भएको, खानेपानी, नुहाउने कोठा, शौचालय तथा बाटो जस्ता कुराको निर्माण भएको, समाजमा सामाजिक तथा सांस्कृतिक परिवर्तनमा वृद्धि भएको जस्ता कुराहरू पाइयो । त्यसै गरी वैदेशिक रोजगारीले समाजमा केही हदसम्म समानता आएको र वैदेशिक रोजगारीका नकरात्मक पक्ष भन्दा सकरात्मक पक्ष नै बढी भएको उत्तरदाताहरूको आसय पाइयो । केही व्यक्तिहरूले वैदेशिक रोजगारकै कारण राम्रो आर्थिक आम्दानी गरी जविन स्तर सुधारेको देखिन्छ भने केही व्यक्तिहरू विदेश गएर पनि दुःख र कष्ट भोगी झन् ऋणको भारी बोकेर स्वदेश फर्केको भेटियो ।

**वैयक्तिक अध्ययन : ४**

*म स्याङ्जा जिल्ला अन्तर्गत किचनास गा.वि.स. वडा नं. ९ सालडाँडामा बस्ने वर्ष ४४ को वैदेशिक रोजगार कर्मी हुँ । मेरो एक श्रीमती र दुई छोरा छन् । म २०६२ सालमा वैदेशिक रोजगारको क्रममा कतार गए । त्यहाँ गईसकेपछि मैले भने अनुसार काम र पैसा पाउन सकिन । पैसा पनि खानामा मात्र दिने गर्‍यो । पछि पैसा माग्दा थर्काउने गाली गर्ने र जेलमा हालि दिन्छु भनी डर त्रास देखाउने गर्‍यो साहुले । ६ महिना जति काम गरेर रित्तो हात घरमा फर्किए । घर आउनको लागि पनि गाउँको एक जना भाइ पर्ने जुन कतारमा काम गर्ने गर्थ्यो । उसले मलाई टिकट निकालेर घर पठाउने काम गरिदियो । साह्रै दुःख र कष्टका साथ घरमा त आईपुगे । घरमा आईसकेपछि विग्रेर आयो भनेपछि साहु पैसा माग्न पछि लागे । पछि फेरि विदेश जान्छु र तपाईको ऋण चुक्ता गर्नेछु । बरु केहि पैसा पुनः हालि दिनुस् भने फेरि तीन वर्ष घरमा बसेर पुनः मलेसियाको लागि भिसा लगाए र जाने मौका पनि जुर्‍यो । त्यहाँ पनि लेबी काटेर खाना खाएर, करिब १२ देखि १५ हजार सम्म बचाउन सक्थे । एक पटक ५० हजार कमाएर घरमा पठाए । करिब ८ महिना काम गरेपछि कम्पनी टुट्यो त्यहाँ बाट पनि फर्किनु पर्ने बाध्यता आयो । फेरि रित्तो हात घर फर्किए । साहुको ऋणा तिर्न सकिन र आफ्नो जग्गा बेची साहुलाई तिरे । अब कहिले पनि बैदेशिक रोजगारीमा नगएर गाउँघरमै केहि काम गरेर बालबच्चा पाल्छु भन्ने आँट र साहस गरे । अहिले गाउँमा कर्मि काममा हिँड्छु । घर बनाउने गारो लगाउने र केही काठको काम पनि गर्ने गर्छु । बैदेशिक रोजगारी भनेर अर्काको देशमा झन ऋण लागेर खेती गरी खाने जग्गा समेत बेच्नु पर्‍यो । अहिले कर्मी काम गरेर मासिक रूपमा १५/१६ हजार कमाउँछु  घर परिवार राम्रो सँग पालेको छु । आफ्नो देशमा पसिना बगाउने र आफ्नै पाको पखेरा फोरेर हरियाली बनाउने बिदेशमा कोही पनि नजाने आग्रह गर्न चाहन्छु ।*

उक्त विवरणबाट के स्पष्ट हुन्छ भने वैदेशिक रोजगारी सबै थोक होयन जसका कारण विभन्नि दुःख कष्टका साथ लाखौं रूपैयाँ गुमाउँदै पुनः स्वदेशमा नै केही गर्नु पर्छ भन्ने मान्यता भएको पाइन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष तथा सुझावहरू

## ६.१ सारांश

यस शोधप वैदेशिक रोजगारीको कारण सामाजिक र आर्थिक अवस्था, सामाजिक रूपान्तरण तथा प्भाव के कस्तो छ र यिनै कुराहरूको विश्लेषण गर्ने र यसका कारण ग्रामीण समुदायको जीवन स्तरमा ल्याएको परिवर्तनको अन्वेषण गर्नु हो ।

हालसम्म किचनास ९ सालडाँडामा वैदेशिक रोजगारी सम्बन्धी अध्ययन र अनुसन्धान नभएको, उक्त क्षेत्रका व्यक्तिहरूको अवस्था बुझ्न, जविन पद्धतिमा आएको परिवर्तनबारे बुझ्न, हरेक गति विधिको सत्य तथ्य बाहिर ल्याउन यस अध्ययन औचित्य रही आएको छ भने यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको समेत प्रयोग गरिएको छ । उक्त अध्ययनमा आवश्यकता अनुसार संख्यात्मक र गुणात्मक दुवै प्रकृतिको सूचना दाताहरूको प्रयोग गरिएको छ भने स्रोतहरूमा सामुहिक छलफल, वैयक्तिक अध्ययन, विभिन्न कार्यालयका रेकर्डहरू, शोधपत्र, लेख, रचना, प्रतिवेदन, अटो डायरी आदिलाई आवश्यक मात्रामा प्रयोग गरिएको छ ।

यो अनुसन्धानमा विभिन्न जातजाति रहेको २११ घरधुरीमध्ये ६८ घरधुरी रहेकोले सोलाई उद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरी उत्तरदाता छनोट गरिएको छ । जसमा प्राथमिक तथ्याङ्क विधिमा अन्तर्वार्ता अनुसूची, वैयक्तिक अध्ययन र मुख्य सूचना दातासँगको अन्तर्वार्ता राखिएको छ भने संख्यात्मक तथा गुणात्मक प्रकृतिका सूचना, पाइ चाट्, तालिका आदिद्वारा प्रस्तुतिकरणमा विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरूको सम्बन्धमा अध्ययन गर्दा यस अध्ययन क्षेत्रमा सवैभन्दा वढि मगरहरू (४५.५८%) को वाहुल्यता रहेको पाइयो । त्यसैगरी लैङ्गीक स्थितिलाई हेर्दा ४८ जना उत्तरदाताहरू पुरुष रहेको पाइयो भने अधिकांश उत्तरदाता हिन्दु धर्ममा आस्था राख्ने र पेशाको हिसावले ३२ जना कृषि पेशामा लागेका पाइयो । धेरै जसो परिवार एकल परिवारमा वस्दै आएको तर जग्गा जमिन भने ४० जना संग आफ्नो नाममा नभएको महिलाको भन्दा पुरुषको हैसियत समाजमा उच्च भएको पाइयो । वैदेशिक

रोजगारी ठिक हो भन्ने हरूको भन्नेहरूको सङ्ख्या ४५ जना (६६.१८%) १० देखि २० हजार मासिक आम्दानी हुने २८ जना छन भने ३९ घर धुरीवाट एक एक जना वैदेशिक रोजगारीमा गएको पाइयो ।

समाज रूपान्तरणमा सहभागी ६७.६५% रहेका छन भनेवैदेशिक रोजगारीका वाध्यात्मक कारण मध्ये ३४ जनाको भनाइ वेरोजगारी समस्या हो । त्यसैगरी आकर्षणका कारणहरूमा काम पाउन सजिलोमा २७ जना छन भने समाजमा हाल लैङ्गिक र जातिय विभेद छ भन्नेमा वढि उत्तरदाता हरू रहेको पाइयो । तर लैङ्गिक विभेद गर्नुहुन्न भन्नेमा ६४.७०% उत्तरदाताको भनाइ रहेको पाइयो । अधिकांशको घरमा शौचालय निर्माण भएको विभिन्न सामाजिक संस्कारमा परिवर्तन भएको जीवन पद्धति फेरीएको पाइयो भने ३१ घरमुलीका वालवच्चाहरू सरकारी विद्यालयमा पढाइएको पाइयो । वैदेशिक रोजगारीका सकरात्मक र नकरात्मक दुवै पक्षहरू रहेको तर सकरात्मक पक्ष वढि वलियो देखिएको पाइयो ।

अन्त्यमा अध्ययन क्षेत्रका मुख्य व्यक्तिहरू संग लिइएको अन्तरवार्ताको जवाफमा अधिकांशको विचार उस्तै खाले रहेको पाइयो । वैदेशिक रोजगारीले नेपालीहरूको आर्थिक उन्नति भएको, वेरोजगारीले नेपालीहरूको आर्थिक उन्नति भएको, वेरोजगारी समस्या हल भएको, सिप र दक्षता हासिल गरेको जीवनस्तरमा परिवर्तन भएको कुरा व्याक्त गर्दै भोलिका दिनमा यसले नकरात्मक असर पार्नुका साथै देश विकासमा वाधा र अवरोध पनि पर्न सक्ने धारणा व्यक्त गरेको पाइयो । यस अध्ययन वाट निस्केका मुख्य प्राप्तीहरू यस प्रकार छन् ।

**मुख्य प्राप्तिहरू**

- अध्ययन क्षेत्रका वैदेशिक रोजगारीमा संलग्न परिवारका घरमुलीहरूको सम्बन्धमा अध्ययन गर्दा यस क्षेत्रमा विभिन्न जालजातिहरू: मगर, नेवार, व्राहमण, दमाइ, भुजेल आदि रहेको पाइयो । जसमध्ये मगर सवभन्दा वढि ३१ जना (४५.५८%) र सवभन्दा कम भुजेल ४ जना (५.८८%) रहेको पाइयो ।
- अध्ययन क्षेत्रका वैदेशिक रोजगारीमा संलग्न परिवारका परिवार सङ्ख्याको स्थिती हेर्दा सवभन्दा वढि १६-४५ वर्ष भित्रका १०८ जना (२६.६६%) र सवभन्दा कम ०-५ वर्ष भित्रका ६१ जना (१५.०७%) रहेको पाइयो ।

- शैक्षिक अवस्थाको कुरा गर्दा सवभन्दा वढि १-८ कक्षा पढेका २४ जना (३५.३०%) र सवभन्दा कम निरक्षर ४ जना (५.८८%) रहेको देखिन्छ ।
- अधिकांश उत्तरदाता हिन्दु धर्म मान्य ६२ जना (९१.१८%) र सवभन्दा कम क्रिश्चियन धर्म मान्य २ जना (२.९४%) रहेको देखिन्छ ।
- पारीवारिक स्वरूपलाई हेर्दा एकल परिवार ३७ (५४.४१%) र संयुक्त परिवार ३१ (४५.५९%) रहेको देखिन्छ ।
- संयुक्त परिवारमा आर्थिक व्यवहार घरमुलीको हातवाट धेरै जसो संचालन हुने देखियो ।
- वैदेशिक रोजगारीमा संलग्न परिवारमा घरमुलीको रूपमा ४८ जना पुरुष (७०.५९%) र २० जना महिला (२९.४१%) रहेको पाइयो ।
- पेशाका आधारमा सवैभन्दा वढि कृषि पेशामा ३२ (४७.०५%) र सवभन्दा कम व्यापारमा ८ जना (११.७७%) संलग्न भएको पाइयो ।
- अध्ययन क्षेत्रका घरमुलीहरू मध्ये आफ्नो नाममा जग्गा नभएका ४० जना (५८.८३%) र जग्गा भएका २८ जना (४१.१७%) रहेको पाइयो ।
- जग्गा जमिनको परिणाम हेर्दा ३ रोपनी भन्दा कम हुने १० जना (३५.७१%) र १० रोपनी भन्दा वढि हुने ३ जना (१०.७२%) रहेको देखिन्छ ।
- वैदेशिक रोजगारीमा संलग्न घरपरिवारहरूको खाना १ वर्ष भन्दा वढि समय पुग्ने ८ घर परिवार (२८.५८%) र १ वर्ष पनि खाना नपुग्ने २० घर परिवार (७१.४२%) रहेको पाइयो ।
- वैदेशिक रोजगारी पश्चात घरपरिवार संगको सम्बन्धमा श्रीमान श्रीमति छोराछोरी मिलेर वस्नेमा ५७ जना (८३.८३%) र श्रीमान र श्रीमति छुट्टिएर वस्नेमा १ जना (१.४७%) रहेको देखिन्छ ।
- वैदेशिक रोजगारी सम्वन्धि धारणामा वैदेशिक रोजगारीलाई ठिक मान्य ४५ जना (६६.१८%) र केहि पनि थाहा छैन भन्नेमा ८ जना (११.७७%) भएको पाइयो ।
- आम्दानीको हिसावमा खासै आम्दानी केहि छैन भन्नेमा ६ जना (८.८२%) र मासिक २०,०००/- भन्दा माथी हुनेमा २२ जना (३२.३५%) रहेको पाइयो ।

- वैदेशिक रोजगारीमा संलग्न परिवारको आम्दानीवाट जीवन निर्वाह मात्र भएको छ भन्नेमा ३६ जना (५२.९४%) र उद्योग व्यवसाय चलाएको भन्नेमा २ जना (२.९४%) रहेको देखिन्छ ।
- वैदेशिक रोजगारीमा ३९ घर धुरीवाट ३९ जना (३६.४५%) र २ घरधुरीवाट ४ जना (७.४८%) गएको देखिन्छ ।
- अध्ययन क्षेत्रवाट वैदेशिक रोजगारीमा महिला ११ जना (१०.२८%) र पुरुष ९६ जना (८९.७२%) गएको पाइयो ।
- समाज रूपान्तरण गर्न संलग्न घरमुलीको सङ्ख्या ४६ (६७.६५%) र केहि पनि थाह छैन भन्ने घरमुली हरू १० जना (१४.७०%) वैदेशिक रोजगारीमा वाध्यत्मक परिस्थितीमा जाने ३४ जना (५०%) र असुरक्षाका कारण जानु परेकोमा २ जना (२.९४%) भएको पाइयो ।
- वैदेशिक रोजगारीका आकर्षणका कारणहरूमा काम पाउन सजिलोमा २७ जना (३९.७०%) र थोरै लगानी वाट धेरै आम्दानीमा ९ जना (१३.२४%) रहेको पाइयो ।
- समाजमा जातिय विभेदकायम छ भन्नेमा ३८ जना (५५.८८%) र थाह छैन भन्नेमा ८ जना (११.७७%) रहेको देखिन्छ ।
- समाजमा लैङ्गिक विभेद कायमै छ भन्नेमा ४४ जना (६४.७०%) र थाह छैन भन्नेमा ४ जना (५.८९%) रहेको पाइयो ।
- समाजमा तथा घरपरिवारमा लैङ्गिक विभेद हुनु ठिक होइन मा ४४ जना (६४.७०%) र हुनुपर्छ वा ठिक हो मा १२ जना (१७.६५%) रहेको  देखिन्छ ।
- शौचालय भएको घरधुरी ३९ वटा (५७.३५%) र नभएका ३ घरधुरी (४.४१%) भएको पाइयो ।
- वैदेशिक रोजगारीकै कारण जन्म, पास्नी, विवाह, व्रतवन्ध, मृत्यु, काजकिरीया आदीमा परिवर्तन भएको छ भन्नेमा ५६ जना (८२.३६%) र केहि थाह छैन भननेमा ६ जना (८.८२%) रहेको देखिन्छ ।

- वैदेशिक रोजगारीका कारण जीवन पद्धतिमा परिवर्तन आएको छ मा ६२ जना (९१.१८%) र थाह छैनमा ६ जना (८.८२%) रहेको देखिन्छ ।
- आफ्ना वालवच्चालाई सरकारी विद्यालयमा पढाउने ३१ जना (४५.५९%) र सरकारी र वोर्डिङ दुवैमा पढाउने १२ जना (१७.६५%) रहेको पाइयो ।
- वैदेशिक रोजगारीका सकरात्मक पक्षअन्तरगत वेरोजगारी समस्या हल हुन्छ भन्नेमा २८ जना (४१.१०%) र आधारभूत आवश्यकता पुर्ति हुन्छ भन्नेमा १० जना (१४.७१%) रहेको पाइयो ।
- वैदेशिक रोजगारीका नकरात्मक पक्ष अन्तरगत वसाइसराई बढ्छमा ३२ जना (४७.०६%) र फजुल खर्चमा वृद्धि हुन्छमा १० जना (१४.७१%) रहेको पाइयो ।
- वैदेशिक रोजगारीले हेरिने सकरात्मक दृष्टिकोण मा ४२ जना (६१.७५%) र नकरात्मक दृष्टिकोणमा १२ जना (१७.६६%) रहेको देखिन्छ ।

## ६.२ निष्कर्ष

स्याङ्जा जिल्लाको किचनास गा.वि.स. वार्ड नं. ९ सालडाँडाका वैदेशिक रोजगारीमा संलग्न परिवारको सामाजिक तथा आर्थिक अवस्था, वैदेशिक रोजगारीमा संलग्न सङ्ख्या र यसले पारेको प्रभावले जीवनस्तरमा आएको परिवर्तन सम्बन्धि विषयमा गरिएको अध्ययन वाट निम्न अनुसार को निष्कर्ष निकाल्न सकिन्छ ।

यस अध्ययनबाट अध्ययन क्षेत्रका उत्तरदाताहरूमध्ये धेरैको वैदेशिक रोजगारीवाट जीवननिर्वाह को साथै केहि आर्थिक उन्नति भएको पाइयो । हिजोको अवस्थामा गरीविका कारण गास, वास, कपास शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यक्ताका कुरावाट वञ्चित व्यक्तिहरू अहिलेको अवस्थामा आर्थिक सुधार भई यी नै आधारभूत आवश्यक्ताहरू परिपुर्ति भएको पाइयो । एकातिर गाउघर वाट वसाइ सरी शहर वजार तर्फ लागेको पाइनछ भने आम्दानी भएका घरपरिवारका सदस्यहरूले आफ्ना वालवच्चालाई संस्थागत विद्यालयमा पढाएको पाइयो । कतिपय वैदेशिक रोजगार कर्मीले आफू वैदेशिक रोजगारीवाट विदा लिएपछि व्यवसायिक रूपमा कुखुरा पालन, वाखापालन, तरकारीखेती गरेको र घर जग्गा जस्तो अन्न उत्पादन क्षेत्रमा समेत लगानी गरेको पाइयो । यसैका

कारण परम्परादेखि चलिआएको संस्कार र संस्कृतिमा पनि केहि हदसम्म परिवर्तन भएको पाइयो ।

प्राय सवै घर परिवारमा शौचालय निर्माण गरी खुला दिशा मुक्त समाज निर्माण गरी उदाहरणिय कार्य गरेको पनि पाइयो । लैङ्गिक विभेदका धारणाहरू विस्तारी कम हुदै गएको अवस्था पाइयो भने जातिय विभेदका स्वरहरू केहि हदसम्म कम भएको देखियो । समाज रूपान्तरणमा धेरै जसो व्यक्तिहरू संलग्न भएको गाउँगाउ टोलटोलमा मोटरवाटो निर्माण भएको, आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूको सामाजिक हैसियत अलि उच्च रहेको यसै अध्ययनको शिलशिलामा भेटियो । सञ्चारका साधनहरू टेलिभिजन, मोवाइल फोन, रेडियो, पत्रपत्रिका आदिको अधिक प्रयोग भएको पाइयो । वास्तवमा वैदेशिक रोजगारीले नेपालको चरम वेरोजगारी र गरिवी घटाएको छ भने अर्कोतर्फ वसाइसराइको कारण गाउघरका जग्गा जमिन खेतिपाती विहिन वन्न पुगेका छन् । त्यसैगरी परनिर्भरता वढेको, खर्चमा वृद्धि भएको, विदेशी संस्कृति भित्रीएको, नेपाली संस्कृति लोप हुदै गएको, घरमा वृद्ध आमा वावु वेसहारा वन्दै गएको पाइयो भने केहिको श्रीमान र श्रीमति विच सम्बन्ध विग्रेको, सम्पति हिनामिना भएको, सम्बन्ध विच्छेद र अन्तरजातिय विवाह जस्ता घटनाक्रमहरू वृद्धि हुदै आएको पाइयो ।

## ६.३ सुझावहरू

- स्वदेशमा नै रोजगारीको सिर्जना गरी देश विकासको पूर्वाधार मानिने युवा शक्ति लाई देशभित्रै परिचालन गर्ने ।
- स्वदेशमा नै रोजगारी उपलब्ध गराउन स्थापित रोजगार मुलक संस्थाहरूलाई प्रोत्साहन गर्नु पर्दछ ।
- वर्तमान श्रम ऐन, कानुन लाई सुधार गरी समय सापेक्ष विकास गर्दै लैजानु पर्दछ ।

# सन्दर्भ सूची

अधिकारी, रेशराज र हरिहर घिमिरे (२०५९), **नेपाली समाज र संस्कृति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, रेशराज र हरिहर घिमिरे (२०५९), **नेपाली समाज र संस्कृति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, रामेश्वर (२०७२), **जनसङ्ख्या शिक्षाको आधार,** काठमाडौँ : जुपिटर प्रिन्ट एण्ड पब्लिसिढ हाउस ।

**कान्तिपुर दैनिक** (२०७३), कान्तिपुर पब्लिकेशन प्रा.लि., सेन्ट्रल विजनेश पार्क थापाथली काठमाडौँ ।

**किचनासको परिचय,** (२०६६) गाउँ विकास समितिको कार्यलाय किचनास

के.सी, विटु (२०५५), नेपालमा महिलाको सम्पतिमाथी अधिकार, एक अध्ययन, अप्रकशित शोधपत्र त्रि.वि. ।

**गोरखापत्र** (२०७३), गोरखपत्र संस्थान, काठमाडौँ

**नेपालको अन्तरिम संविधान २०६३**

**नेपालको संविधान २०७२**

**वैदेशिक रोजगार ऐन** (२०६४) नेपाल सरकार तथा रोजगार मन्त्रालय, काठमाडौँ ।

मानन्धर, ख्यामनारायण (२०७०), **वैदेशिक रोजगार,** व्लू स्काई इन्टरनेशनल प्र.लि., काठमाडौँ

मानन्धर, ख्यामनारायण (२०७२), **श्रम गन्तव्य,** काठमाडौँ : भ्याली प्रिन्ट सर्भिस मासगल्ली ।

श्रेष्ठ, केशवकुमार (२०६७), **सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,** काठमाडौँ : नेशनल बुक सेन्टर ।

Gurung, Harka (1997), "Sate and society in nepal" in gellner david N Joanna paff czarnecka and John W helpton (eds) Naionalism and ethnicity in a hindu kingdom the polistics of culture in contemporary Nepal.

Kumars (1967), The rana policy in Nepal origin and growth Bombay asia publishing house

Labour migration emply ment status report 2013/014.

Lewellen, Ted. (2002), The Anthropology of Globalization : Cultural Anthropology enters the 21th Century, USA : Santa Barbana.

Massey, Douglas S.J. Arango G. Hugo A, Kouaouci, A. Pellegrino, and J.E. Taylor, (1993). Theories of International Migration : A review and Appraisal Population and Development Review.

Mishra, Chaitnya (2063), Pujibad Ra Nepal, Kathmandu : Mulyankan Prakashan.

Nepali Hamro sansar, A world of our own issue

Ritzer george, 1992 sociological theory, third edition, Mc graw Hill INC

Ritzer George, 1992 sociological theory, third edition, Mc graw hill iNC

United Nations, International Migration Report, Geneva : ILO.

# अनुसुची १

## अन्तर्वार्ता अनुसूची

१. तपाईको शुभ नाम के होला ?

२. तपाईको उमेर कति भयो ?

३. तपाईको शैक्षिक योग्यता कति हो ?

४. तपाई के पेसा गर्नुहुन्छ ?

५. तपाईको परिवारमा बोलिने भाषा के हो ?

६. तपाई कुन धर्म मान्नु हुन्छ ?

७. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

८. तपाईको घरमुलीसँग के नाता पर्दछ ?

९. तपाईको जिल्ला, गा.वि.स., वडा नं. र गाउँको नाम बताइ दिनुहोस् न ।

१०. तपाईलाई वैदेशकि रोजगारकिो बारमो थाहा छ ?

११. यदि थाहा छ भने वैदेशिक रोजगार भनेको के हो ?

१२. तपाईको घर परिवारबाट वेदेशिक रोजगारीमा गएका छन् ?

१३. यदि गएका छन् भने कति जना गएका छन् ?

१४. विदेशमा कुन देश गएका छन् ?

१५. तपाईको गाउँ छिमेकबाट पुरुष मात्र वैदेशिक रोजगारमा गएका छन् कि महिला पनि गएका छन् ?

१६. महिला पनि गएका छन् भने कति जना गएका छन् ? भन्न सक्नुहुन्छ ?

१७. नेपालहिरु किन विदेश जानु परेको होला ?

१८. तपाईको घरमा विदेशबाट कति रकम आउँछ ? एक वर्षमा अन्दाजी भन्न सक्नुहुन्छ ?

१९. उक्त रकम के के काममा खर्च गरिन्छ ?

२०. घर पविरार चलाउन अरू आम्दानीको बाटो के के छ ?

२१. तपाईका बालबच्चाहरु कस्तो विद्यालयमा पढाउन भएको छ ?

२२. छोरा र छोरीलाई एउटै विद्यलयमा पढाउनु हुन्छ ?

२३. तपाईको घरमा शौचालय, नुहाउने कोठा, भान्साकोठा थिएनन् ? अहिले किन आवश्यक पऱ्यो ?

२४. पहिला त यी चिजहरु तयति प्रयाप्त मात्रामा थिएनन्, अहिले किन आवश्यक पऱ्यो ?

२५. पहिला भन्दा अहिले जन्म, पास्नी, ब्रतबन्ध, विवाह, मृत्यु तथा काज क्रिया आदिमा परिवर्तन र परिमार्जन भएको छ ?

२६. यदि छ भने के के परिर्वन भए र के कारणले ?

२७. तपाईको घर परिवारमा खाने कुरामा कस्तो परिवर्तन भएको छ ?

२८. लुगा कपडामा केही परिवर्तन छ ?

२९. तपाईको जविन पद्धतिमा पहिले र अहिलेमा के के फरक पाउनु भएकोछ ?

३०. तपाईको समाजमा के के परिवर्तनहरु भएका छन् ?

३१. वैदेशिक रोजगारकिा राम्रां पक्षहरु के क हुन् ? बुँदागत रूपमा भन्नुहोस् ।

३२. वैदेशिक रोजगारकिा नराम्रा पक्षहरु पनि छन् ?

३३. छन् भने के के छन् ? क्रमशः भन्नुहोस् ।

३४. दिन प्रतिदिन देशका युवा शक्ति विदेश पलायन हुँदा देशलाई दीर्घकालीन रूपमा के कस्तो असर पर्ला ?

३५. वैदेशिक रोजगारकिा कारण विलासी जीवन शैली बढेको छ ?

३६. वैदेशिक रोजगारीलार्य रोक्ने हो भने नेपालीहरुको जीवन चल्न सक्ला ?

३७. वैदेशिक रोजगारीलार्य रोक्न नेपालले कस्तो कदम चाल्नु पर्ला ?

३८. अन्त्यमा केही भन्न चाहनु हुन्छ ?

३९. समय दिएर जिज्ञासा मेटाइ दिनुभयो । धन्यवाद ।

# अध्ययनका क्रममा खिचिएका फोटोहरू





